मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## ध्रुवे हात्तीलाई रेडियो कलर जडान

**मधेशदृष्टि**
**चितवन ।**
चितवन राष्ट्रिय निकुञ्जले जङ्गली हात्ती 'ध्रुवे'लाई 'रेडियो कलर' जडान गरेको छ । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा २५ जनाको ज्यान लिइसकेको हात्तीलाई डार्ट (बेहोस बनाउने औषधि) गरी रेडियो कलर लगाइएको निकुञ्जले जनाएको छ ।
निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार हात्तीलाई डार्ट गरी घाँटीमा स्याटेलाइट रेडियो कलर जडान गरिएको छ । त्यसपछि दाह्रा काटेर छाडिएको हो । रेडियो कलर जडानपछि हात्तीको अवस्थाबारे छोटो समयमै जानकारी प्राप्त हुने र जिपिएस ट्र्याकिङमार्फत गतिविधि निगरानी गर्न सकिने उनले बताए ।
निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको नयाँ गोरख गण, निकुञ्जका प्राविधिक कर्मचारी र राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिकसहितको टोलीले हात्तीलाई रेडियो कलर जडान गरेको हो । गत असार २० गते भरतपुर–२३ मा सोही हात्तीको आक्रमणबाट २५ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेको मृत्यु भएपछि निकुञ्जले हात्तीको खोजी र निगरानी बढाएको थियो ।

● वर्ष ४ ● अंक २३९ ● २०८३ साल श्रावण ०१ गते शुक्रबार ● Friday 17, July 2026 ● सूर्योदय: बिहान ०५:२२ बजे ● सूर्यास्त: साँझ ०७:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# भव्य बन्यो गहवामाई रथयात्रा



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित प्रसिद्ध शक्तिपीठ श्री गहवामाईको चौथो रथयात्रा बिहीबार श्रद्धा, भक्ति र उत्साहका साथ सम्पन्न भएको छ। विगत तीन वर्षदेखि निरन्तर आयोजना हुँदै आएको रथयात्रामा यस वर्ष पनि हजारौं श्रद्धालु भक्तजनको उल्लेखनीय सहभागिता रहेको थियो।
बिहान गहवामाई मन्दिरमा विशेष पूजा–आराधनापछि सुरु भएको रथयात्रा घण्टाघर, रेलवे रोडको भित्री बाइपास, छपकैया, मुख्य सडक, अस्पताल रोड, मकालु चोक, आदर्शनगर, घडिअर्वा हुँदै पुनः माईस्थान मन्दिर पुगेर समापन भएको हो । रथ यात्राको टिभी वीरगंज र रेडियो वीरगंजले प्रत्यक्ष प्रसारण गरेको थियो।
रथयात्रालाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा ट्राफिक प्रहरीले विशेष सुरक्षा व्यवस्था मिलाएको थियो । सुरक्षा स्रोतका अनुसार सादा पोशाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएका थिए । ट्राफिक व्यवस्थापनलाई सहज बनाउन विभिन्न स्थानमा वैकल्पिक मार्गसमेत सञ्चालन गरिएको थियो।
रथयात्रामा सहभागी हुन बिहानैदेखि बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मका श्रद्धालुहरू माइस्थान परिसरमा भेला भएका थिए । रथयात्रा सुरु हुनुअघि वर्षा भएर शितल्ता प्रदान गरेको थियो भने रथयात्रा अवधि भर बादल लागेर रथयात्रा समापन संगै पुन पानी परेको थियो । प्रकृतिले पनि रथयात्रका यात्रिहरूलाई साथ दिएको भन्दै श्रद्धालुभक्तजनहरूमा अझ उत्साह थपेको थियो । मुख्य सडक विस्तारका क्रममा केही स्थानमा संरचना हटाइएका कारण सामान्य असहजता देखिए पनि भक्तजनहरू भक्तिभावका साथ रथयात्रामा सहभागी भएका थिए।
माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र साहले जानकारी दिएअनुसार बिहानको रथयात्रापछि दिउँसो १२ बजेसम्म विशेष पूजा सञ्चालन भएको थियो। त्यसपछि केही समय विश्राम लिएर दिउँसो १ बजेदेखि पुनः पूजा–आराधना सुरु गरिएको छ।
धार्मिक विधिअनुसार अपराह्न ४ बजे देखि मुख्य हवन सुरु भएको छ भने साँझ ६ बजे भव्य महाआरती आयोजना गरिने कार्यक्रम रहेको छ । महाआरतीपछि साँझ ६:३० बजेदेखि उपस्थित सम्पूर्ण श्रद्धालु भक्तजनलाई प्रसाद वितरण गरिने आयोजकले जनाएको छ।

# केन्द्रको हावाले मधेश गठबन्धन नहल्लने दलहरुको दाबी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेस र नेकपा एमालेबीचको गठबन्धनमा आएको दरारसँगै प्रदेश सरकारहरूको भविष्यबारे अन्योल बढिरहेका बेला मधेश प्रदेशमा भने वर्तमान गठबन्धन सरकारलाई निरन्तरता दिने निर्णय भएको छ।
बिहीबार कांग्रेस संसदीय दलका नेता तथा मुख्यमन्त्री कृष्णप्रसाद यादव, एमाले संसदीय दलका नेता सरोजकुमार यादव र नेकपाका संसदीय दलका नेता तथा अर्थमन्त्री युवराज भट्टराईबीच भएको छलफलले कांग्रेस, एमाले र नेकपाको गठबन्धनलाई यथावत् राख्ने निर्णय गरेको हो।
यसअघि केन्द्रको राजनीतिक समीकरण परिवर्तनले प्रदेश सरकारको स्थायित्वमाथि प्रश्न उठिरहेका बेला मधेश प्रदेशका विभिन्न दलका सांसदहरूले प्रदेश सरकारको भविष्यसम्बन्धी निर्णय गर्ने अधिकार प्रदेशसँग नभई केन्द्रमै रहेको बताएका छन् । उनीहरूले केन्द्रबाट हुने हस्तक्षेपका कारण प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको गुनासो गरेका छन्।
कांग्रेसका प्रदेशसभा सदस्य जंगीलाल रायले प्रदेशको संरचना बलियो भए पनि केन्द्रको निर्णय मान्नुको विकल्प नरहेको बताए । उनका अनुसार केन्द्रबाटै सत्ता समीकरण परिवर्तन हुने भएकाले प्रदेशका नेताहरू निर्णय कार्यान्वयनमा मात्र सीमित हुने गरेका छन् । केन्द्रले हस्तक्षेप नगरे प्रदेशस्तरमै सत्ता समीकरणको विषय छिट्टै टुंग्याउन सकिने उनको भनाइ छ।
एमालेका प्रदेशसभा सदस्य राजकुमार लेखीले पनि प्रदेश सरकारबारे निर्णय केन्द्रमै हुने परम्परा रहेको बताए । बारम्बार सत्ता समीकरण फेरिनु लोकतन्त्र, गणतन्त्र र संघीयताका लागि सकारात्मक नभएको उनको धारणा छ । जनताले स्थायी सरकार र विकास चाहेको भन्दै त्यसतर्फ दलहरू गम्भीर हुनुपर्ने उनले बताए।
नेकपाका प्रदेशसभा सदस्य जवाहरलाल कुशवाहाले प्रदेश सरकार परिवर्तनमा राष्ट्रिय राजनीतिको प्रभाव निर्णायक हुने बताए । बारम्बारको सत्ता परिवर्तनले सुशासन कमजोर हुने र विकास प्रभावित हुने उनको भनाइ छ।
जसपा नेपालका प्रदेशसभा सदस्य तथा पूर्वमुख्यमन्त्री लालबाबु राउतले केन्द्रको राजनीतिक अस्थिरताको असर प्रदेशले भोग्नुपरेको बताए । राजनीतिक स्थायित्वबिना विकास सम्भव नरहेको उल्लेख गर्दै उनले सत्ता समीकरण परिवर्तन भए प्रदेशसभाको ठूलो दलका रूपमा जसपा नेपालले महत्वपूर्ण भूमिका खेल्ने बताए।
जनमत पार्टीका प्रदेशसभा सदस्य शम्भुकुमार साहले बारम्बार सत्ता फेरबदल हुँदा जनताले अपेक्षित लाभ नपाउने बताए। बजेट पारित भइसकेको अवस्थामा सरकार परिवर्तनको चर्चा चल्नुले विकास योजना कार्यान्वयनमा समेत अन्योल सिर्जना हुने उनको भनाइ छ।
केन्द्रको राजनीतिक घटनाक्रमका कारण प्रदेश सरकारको भविष्यबारे चर्चा भइरहेका बेला मधेश प्रदेशमा भने हालको कांग्रेस–एमाले–नेकपा गठबन्धनलाई निरन्तरता दिने निर्णयसँगै तत्काल सरकार परिवर्तनको सम्भावना टरेको छ।

# मिटरब्याजी रामबाबुका रामकहानी हेरेपछि पुर्पक्षमा पठाउन आदेश



**मधेशदृष्टि**
**रौतहट।**
चन्द्रनिगाहपुरका कपडा व्यापारी रामबाबु साह कलवार मिटरब्याज प्रकरणमा पुर्पक्षका लागि कारागार चलान भएका छन्।
अनुचित लेनदेन (मिटरब्याज) को आरोप खेप्दै आएका कलवारलाई जिल्ला अदालत रौतहटले पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो । बुधबार जिल्ला अदालत, गौरका न्यायाधीश दुर्गाप्रसाद भट्टराईको इजलासले कलवारविरुद्ध प्रारम्भिक प्रमाण पर्याप्त देखिएको ठहर गर्दै मुद्दाको अन्तिम फैसला नआउञ्जेल थुनामै राखेर सुनुवाइ अघि बढाउन आदेश दिएको हो।
कलवारविरुद्ध अनुचित लेनदेन (मिटरब्याज) तथा सरकारी कागजात किर्तेसम्बन्धी मुद्दा दर्ता भएको छ । उनीमाथि वृन्दावन नगरपालिका–१ का वडाध्यक्ष रामनाथ सहनीको हस्ताक्षर किर्ते गरी कवाली तमसुक तयार पारेको आरोप छ । सोही जाहेरीका आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको थियो।
जेठ ३१ गते पक्राउ परेका कलवार अदालतको आदेशपछि कारागार पठाइएका हुन्।
२०८० जेठ २८ गते मेची–महाकाली बुहारी संयुक्त आवाजले चन्द्रपुर नगरभित्रका विभिन्न वडामा वितरण गर्ने सिरक–डसनाका लागि कलवार सञ्चालक रहेको साह वस्त्रालय बाट करिब १० लाख रुपैयाँ बराबरको सामग्री खरिद गरेको थियो । संस्थाले भुक्तानीका लागि १० लाख रुपैयाँको चेक दिएको भए पनि कलवारले त्यसले मात्र नपुग्ने भन्दै 'ग्यारेन्टी' का नाममा व्यक्तिको निजी चेकसमेत मागेको थियो।
त्यसक्रममा चन्द्रपुर नगरपालिकाको न्यायिक समितिको रोहबरमा संस्थाकी मधेश प्रदेश संयोजक पूजा पाठकले आफ्नो व्यक्तिगत चेक उपलब्ध गराएकी थिइन्।
पाठकका अनुसार पछि संस्थाको चेकबाट १० लाख रुपैयाँ भुक्तानी भइसके पनि कलवारले व्यक्तिगत चेक फिर्ता नगरी उल्टै दुरुपयोग गर्न थाले । चेक माग्दा 'हरायो, केही हुँदैन' भन्दै टार्ने गरेको र केही समयपछि अदालतबाट पत्र आएपछि मात्रै चेकको दुरुपयोग भएको थाहा पाएको भनाइ छ।
त्यसपछि न्यायिक समितिको निर्णयसमेत प्रमाणका रूपमा संलग्न गर्दै पाठकले पनि जिल्ला अदालत रौतहटमा मुद्दा दायर गरेकी थिइन्।
चन्द्रनिगाहपुर क्षेत्रमा कलवारको नाम यसअघि पनि कथित 'मिटरब्याजी व्यापारी' का रुपमा पटक–पटक जोडिँदै आएको थियो । पछिल्लो अदालतको आदेशसँगै ती आरोप अब औपचारिक कानुनी परीक्षणको चरणमा प्रवेश गरेका छन्।
यद्यपि, कानुनअनुसार अदालतबाट अन्तिम फैसला नभएसम्म कुनै पनि अभियुक्तलाई दोषी ठहर गर्न मिल्दैन । अहिलेको आदेश अनुसन्धान तथा मुद्दाको सुनुवाइ प्रभावकारी बनाउनका लागि पुर्पक्षमा थुनामा राख्ने प्रकृतिको मात्रै हो।
रौतहटमा पछिल्ला समय मिटरब्याज र अनुचित लेनदेनविरुद्ध पीडितहरू सडकदेखि अदालतसम्म संघर्षरत रहेका बेला चर्चित व्यापारीलाई कारागार पठाउने अदालतको आदेशलाई धेरैले अर्थपूर्ण रूपमा हेरेका छन् । अब सबैको नजर अन्तिम फैसलातर्फ केन्द्रित भएको छ।
रामबाबु साह कलवार भारतीय नागरिकताधारी समेत रहेको आरोप लाग्दै आएको छ।

# वीरगंजमा लामो समयसम्म विद्युत् अवरुद्ध सर्वसाधारणमा मारमा

**मधेशदृष्टि**
**वीरगंज।**
बुधवार दिउँसोदेखि वीरगंज महानगरपालिकाको केही क्षेत्रमा विद्युत् सेवा अवरुद्ध भएका कारण जनजीवन प्रभावित भएको छ । वीरगंज नगवा, इनर्वा र छपकैया क्षेत्रमा बुधवार दिउँसोदेखि विद्युत् सेवा अवरुद्ध भएको छ । विद्युत् अवरुद्ध हुँदा स्थानीयवासी समस्यामा परेका छन्।
लगातार विद्युत् अभावमा खानेपानी र इन्टरनेट सेवा पुर्णरुपमा विच्छेद भएका छन् । केही घर अफिसमा रहेका चार्जर व्यट्रि अर्थात स्टप्लाईजरहरू पनि चार्ज सकिए पछि निष्कृय बनेका छन्। यस क्षेत्रमा मोबाइल चार्जको समस्या हुँदा सञ्चार सम्पर्क समेत विच्छेद भएको अवस्था छ । बुधबार दिउँसो करिब ३ बजेदेखि बन्द भएको विद्युत् सेवा बिहीबार साँझसम्म पनि सुचार भएको छैन। यसैबीच नेपाल विद्युत् प्रधिकरण वीरगंज वितरण केन्द्रले सार्वजनिक सूचना प्रकाशित गरी वीरगंज–छप्कैया ३३ केभी लाइनको अन्डर ग्राउन्ड केवलमा समस्या आएको जनाएको छ। वितरण केन्द्रले जनाए अनुसार नगवा पोखरीदेखि छपकैया तरकारी बजारसम्म रहेको अन्डरग्राउन्ड केवल पड्किएर छप्कैयाबाट विस्तारित ११ केभी फिडरहरूबाट विद्युत् सप्लाइ हुन नसकेको केन्द्रले जानकारी गराएको छ। विहिवार अर्को सूचना जारी गरी वीरगंज वितरण केन्द्रले अन्डर ग्राउन्ड वायर मरम्मत हुन नसकेको जनाएको छ । चितवनबाट आएको प्रविधिक टोलीले बिहीबार बिहानैदेखि अन्डरग्राउन्ड वायर मर्मतको प्रयास गरेको भए पनि वायरमा धेरै समस्या देखिएकाले कम्तीमा तीन चार दिन समय लाग्न सक्ने भएको छ । यो अवधिसम्मका लागि माथिबाट तार टाँगेर अल्पकालीन रुपमा विद्युत् सप्लाई गर्ने वितरण केन्द्रले प्रयास गरिरहेको छ।

## आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार 'मधेशदृष्टि दैनिक'लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।
**पद:** जिल्ला संवाददाता
**संख्या:** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरु:** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही
**न्युनत योग्यता:** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइ) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमता:** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्र:** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिक:** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।



# मधेशमा उद्योग, पर्यटन र उद्यमशीलतालाई प्राथमिकता, मन्त्री कनिष पटेलद्वारा महत्वाकांक्षी कार्यक्रम सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेलले आगामी आर्थिक वर्षका लागि उद्योग विस्तार, उद्यमशीलता विकास, निजी लगानी प्रवद्र्धन तथा पर्यटन क्षेत्रको सुदृढीकरणलाई केन्द्रमा राखेर विभिन्न महत्वाकांक्षी कार्यक्रम अघि सारेका छन् । प्रदेशको आर्थिक गतिविधिलाई चलायमान बनाउने, रोजगारीका अवसर विस्तार गर्ने तथा निजी क्षेत्रको सहभागिता बढाउने उद्देश्यसहित करोडौं रुपैयाँ बराबरका योजना बजेटमा समेटिएका छन्।

पर्यटन प्रवद्र्धनतर्फ मन्त्री पटेलको विशेष पहलमा जनकपुरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको विवाह गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित 'जनकपुर वेडिङ डेस्टिनेसन' कार्यक्रमका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वले परिचित जनकपुरलाई विवाह पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गर्ने सरकारको लक्ष्य रहेको छ।

उद्यमशीलता विकासलाई गति दिन नयाँ उद्यमीका लागि ब्याज अनुदानमा ५ करोड रुपैयाँ तथा स्टार्टअप उद्यमीलाई प्रविधि उपकरण हस्तान्तरण गर्न १ करोड रुपैयाँ छुट्याइएको छ । यी कार्यक्रममार्फत विशेषगरी युवालाई व्यवसाय स्थापना र विस्तारमा सहयोग पुग्ने तथा स्वरोजगारका अवसर बढ्ने विश्वास लिइएको छ।

औद्योगिक श्रमिकको सामाजिक सुरक्षालाई बलियो बनाउन अनिवार्य सुरक्षा बिमाका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यससँगै कर प्रणालीप्रति सकारात्मक वातावरण सिर्जना गर्न उत्कृष्ट करदातालाई सम्मान गर्ने तथा उद्योग क्षेत्रको प्रवद्र्धनका लागि प्रदेशस्तरीय औद्योगिक मेला आयोजना गर्ने कार्यक्रम पनि बजेटमा समावेश गरिएको छ।

पर्यटन क्षेत्रको दिगो विकासलाई ध्यानमा राख्दै पर्यटन सम्भाव्यता अध्ययन, पर्यटकीय सम्पदाको मापदण्ड निर्माण तथा व्यवस्थित पर्यटन विकासका कार्यक्रम पनि अघि सारिएका छन्।

यी योजनाले प्रदेशका सम्भावित पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवद्र्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। मन्त्री कनिष पटेलले प्रस्तुत कार्यक्रमहरूले उद्योग विस्तार, लगानी आकर्षण, रोजगारी सिर्जना तथा पर्यटन विकासमार्फत मधेस प्रदेशको आर्थिक समृद्धिलाई नयाँ गति दिने विश्वास व्यक्त गरेका छन्।

यसैबीच, उद्योग दर्ता प्रक्रियालाई सरल, छरितो र प्रविधिमैत्री बनाउने उद्देश्यले नयाँ अनलाइन उद्योग दर्ता प्रणालीको औपचारिक शुभारम्भ शुक्रबार वीरगंजमा गरिने जानकारी पनि मन्त्री पटेलले दिएका छन्।

# पोखरामा फोहरलाई मोहरमा बदल्न छानिए १३ उद्यमी



**राम थापा**
**गण्डकी।**
पोखरा महानगरपालिकामा सञ्चालित रिसाइक्लिङ (पुनर्चक्रण) र अपसाइक्लिङ (उन्नत पुनर्चक्रण)मार्फत हरित रोजगारी सिर्जना परियोजना'अन्तर्गत 'बिजनेस इन्क्युवेशन' (व्यवसाय अनुकूलन केन्द्र) कार्यक्रमबाट १३ उत्कृष्ट उद्यमी छनोट भएका छन् । मङ्गलबार र बुधबार पोखरामा आयोजित उक्त कार्यक्रमबाट 'पोष्ट इन्क्युवेशन' (व्यवसाय विस्तारको चरण) कार्यक्रमअन्तर्गत सहयोगका लागि आन्तरिक तथा बाह्य मूल्याङ्कनका आधारमा १३ उत्कृष्ट उद्यमी छनोट गरिएको हो।

'रिसाइकलिङ र अपसाइकलिङ'मा आधारित २३ वटा उद्यम तथा व्यावसायिक प्रतिष्ठानले उक्त कार्यक्रममा भाग लिएका थिए। सहभागीले आफ्नो व्यावसायिक योजना र नवप्रर्वतनशील उत्पादनका बारेमा प्रस्तुतीकरण निर्णायक समितिसमक्ष प्रस्तुत गरेका थिए। उद्यमीहरूले कागज, कपडा, सिसा, कृषि अवशेष तथा जैविक फोहरबाट उत्पादन गरेका विभिन्न वस्तु तथा सामग्री प्रदर्शनीमा राखिएको थियो।

छनोटमा परेका उद्यमीले कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा सञ्चालित उक्त परियोजनाबाट उपकरण तथा प्राविधिक सहयोग प्राप्त गर्नेछन्। उक्त कार्यक्रममा सहजीकरण गरिरहेको 'इम्प्याक्ट हब' काठमाडौँका कार्यक्रम अधिकृत सजिना भण्डारीका अनुसार हिमालयन जायन्ट नेटल एण्ड डेभलपमेन्ट, क्लिनिट अपसाइकल्स, विद्याता हस्तकला, इको फेमेली प्राली, ओपस डेकोर, विपुल सुवेदी, सुरुची थापामगर, श्रीजय तुलाधर र नारायणमल्ल ठकुरी चयन भएका हुन्।

यस्तै, शारीरिक अपाङ्गता भएका चार जना उद्यमी 'पोष्ट इन्क्युवेशन' कार्यक्रमअन्तर्गत सहयोगका लागि छनोटमा परेका उनले जानकारी दिए। जसमा सङ्गीता कुँवर, (महिला सशक्तीकरण केन्द्र), हेमबहादुर गुरुङ, सुशील गोदार (समृद्धि एण्ड सुशान्त स्टोर्स) र सागर परियार (दुनाटपरी तथा हस्तकला उद्योग) रहेका
छन्।

चार महिनासम्म सञ्चालन गरिएको 'बिजनेस इन्क्युवेशन' कार्यक्रमबाट उत्कृष्ट उद्यमी छनोट गरिएको कार्यक्रम अधिकृत भण्डारीले बताए। कार्यक्रममा सहभागीलाई परियोजना र 'इम्प्याक्ट' केन्द्रको आन्तरिक मूल्याङ्कनबाट ४० र बाहिरी मूल्याङ्कनबाट ६० प्रतिशत अङ्क प्रदान गरिएको उहाँले जानकारी दिए।

निर्णायक समितिमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान पूर्वकार्यकारी निर्देशक उमेशकुमार गुप्ता, पोखरा महानगरपालिकाको वातावरण, फोहरमैला व्यवस्थापन तथा वन महाशाखाका प्रमुख प्रभात लामिछाने, व्यवसाय प्रवद्र्धन केन्द्रका प्रमुख नवराज अधिकारी तथा परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक यमुना सुवाल रहेका थिए। समितिले नवप्रवर्तन, व्यावसायिक सम्भाव्यता, वातावरणीय प्रभाव, विस्तारको सम्भावना तथा बजार क्षमतालगायत आधारमा मूल्याङ्कन गरी सहभागी उद्यमीलाई आवश्यक सुझाव प्रदान गरेको थियो।

छनोटमा परेका उद्यमीले पोखरामा फोहरलाई रिसाइक्लिङ र अपसाइक्लिङ गरी विभिन्न व्यवसाय तथा उद्यम सञ्चालन गर्ने परियोजनाका सहजकर्ता एवं महानगरको वातावरण, फोहरमैला व्यवस्थापन तथा वन महाशाखाका प्रमुख प्रभात लामिछानेले बताए। 'छनोटमा परेका उद्यमीले पोखरा महानगरभित्र व्यवसाय स्थापना तथा विस्तारका लागि लागि प्राविधिक र उपकरण प्राप्त गर्नेछन्', उनले भने, 'फोहरबाट उद्यम विकास र हरित रोजगारी सिर्जनाका लागि परियोजनाले सहयोग गर्दै आएको छ।'

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका गण्डकी तथा लुम्बिनी प्रदेशका स्थलगत कार्यालय प्रमुख सुदीप अर्यालले परियोजनाले रिसाइक्लिङ र अपसाइक्लिङमा आधारित उद्यम विकास, हरित रोजगारी सिर्जना, उद्यमशीलता प्रवद्र्धन तथा पोखरामा चक्रीय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पु¥याइरहेको बताए। उनले कार्यक्रममा हासिल गरेको ज्ञान, सीप र व्यावसायिक सञ्जाललाई उपयोग गर्दै आफ्नो उद्यमलाई थप विस्तार गरी हरित रोजगारी सिर्जना गर्न तथा पोखराको चक्रीय अर्थतन्त्रलाई सुदृढ बनाउन उद्यमीलाई आग्रह गरे। पोखरा महानगरका प्रमुख धनराज आचार्यले फोहरलाई आयआर्जन र रोजगारीसँग जोड्न परियोजना सञ्चालन गरिएको बताए। 'क्लिन पोखरा, ग्रिन'को अवधारणाअनुसार महानगरले फोहर व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको उनको भनाइ छ। महानगर प्रमुख आचार्यले पोखरा प्रदर्शनी केन्द्रमा निर्माणाधीन 'ग्रिन भेन्चर जोन'लाई रिसाइक्लिङ र अपसाइकलिङको सिकाइ केन्द्रका रूपमा विकास गरिने बताए। जसबाट उद्यमीहरूले व्यवसाय परामर्श, प्रशिक्षण, व्यवसाय प्रवद्र्धन तथा बजार पहुँच विस्तारका लागि अवसर प्राप्त गर्ने उनको भनाइ छ।

परियोजनाले सन् २०२९ सम्म पोखरामा ३० वटा रिसाइकलिङ र अपसाइक्लिङमा आधारित उद्यम स्थापना तथा तीन सयभन्दा बढी हरित रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ। यस्ता उद्यममार्फत स्थानीयस्तरमा फोहरलाई मूल्यवान् स्रोतका रुपमा रूपान्तरण गर्दै चक्रीय अर्थतन्त्रलाई सुदृढ बनाउने, वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने र दिगो हरित आर्थिक विकासमा योगदान पुग्ने विश्वास लिइएको छ। परियोजनामार्फत हालको अभ्यासः प्रयोग गर्ने र फाल्ने 'थ्रो अवे' को सट्टा चक्रीय अर्थतन्त्र प्रणालीमा आधारित रिसाइक्लिङ÷अपसाइक्लिङ उद्यमहरू स्थापना गरी हरित अर्थतन्त्रलाई प्रवद्र्धन गर्ने उद्देश्य लिइएको परियोजनाले जनाएको छ। हरित रोजगारी प्रवद्र्धन गर्दै ठोस फोहोरमैलाबाट सिर्जना हुने प्रदुषण तथा नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरणमा टेवा पुग्ने जनाइएको छ। रासस

# 'संसदीय विश्राम'लाई जनसंवादमा उपयोग गर्दै सांसदहरू



**प्रकाश सिलवाल**
**काठमाडौँ।**
सङ्घीय संसद्को दुवै सदनका चालु अधिवेशनका बैठकहरू दुई साताका लागि स्थगन भएपछि जनतासँगको सम्पर्क र संवाद बढाउन सांसदहरूको आ–आफ्नै तयारी सुरू भएको छ। चालु आर्थिक वर्षको अन्त्यसँगै दुवै सदनको बैठक दुई साताका लागि स्थगन भएका छन्। प्रतिनिधिसभाको बैठक आगामी साउन १४ र राष्ट्रियसभाको बैठक साउन १५ गतेका लागि तोकिएको छ। यसलाई सांसदहरूले संसदीय चापको कामबाट संसदीय विश्रामका रूपमा लिँदै जनसम्बन्ध विस्तारमा उपयोग गर्ने अवसरका रूपमा लिनुभएको छ। सांसदमार्फत सङ्कलित जनताका विषयहरू पुनःसंसद्को आवाज र सरकारको जवाफदेहीताको विषय बन्ने संसदीय अभ्यास नै हो।

संसदीय विश्राम अवधि सुरु हुनुअघि बुधबारको प्रतिनिधिसभाको बैठकमा सभामुख डोलप्रसाद अर्यालले संसद् र जनताबीचको सम्बन्ध जति सुदृढ हुन्छ, लोकतन्त्र त्यति नै उत्तरदायी, सहभागितामूलक र विश्वासयोग्य बन्ने बताए झैँ सासदहरूले जनसंवादलाई गाढा तुल्याउन भरमग्दुर कोसिस गर्ने बताएका छन्। 'जनप्रतिनिधि जनता र संसद्बीच विश्वास, संवाद तथा उत्तरदायित्व जोड्ने लोकतान्त्रिक सेतु पनि हुन्। जनताका आवाज, आकाङ्क्षा र अपेक्षालाई संसद्को निर्णय प्रक्रियासम्म पु¥याउने र संसद्का निर्णयलाई पुनःजनतामाझ स्थापित गर्ने दुईतर्फी दायित्व नै जनप्रतिनिधित्वको सार हो', सभामुख अर्यालले भनेका थिए, 'जनताबीच निरन्तर पुग्नु, जनतासँग संवाद गर्नु र जनमतलाई संसदीय प्रक्रियामा प्रतिबिम्बित गर्नु प्रत्येक माननीय सदस्यको आधारभूत संसदीय जिम्मेवारी हो।'

गत असार २८ गतेदेखि संसद्को चालु बजेट अधिवेशन सुरू भएसँगै सांसदहरू सरकारका नीति तथा कार्यक्रम, बजेट र यससँग सम्बन्धित विधेयक तथा यसबीचमा जारी भएका अध्यादेशलाई पारित गर्नेलगायत काममा व्यस्त भए। बजेट आश्रित विधेयक दुवै सदनबाट पारित भएपछि संसदीय 'बिजनेस' कम भएको छ। सरकारले आगामी आर्थिक वर्षका विभिन्न मन्त्रालयसँग सम्बन्धित १६६ विधेयक सदनमा पेस गर्ने घोषणा गरेकाले त्यसबारे सांसदहरूले आफ्नो तयारी गर्नुपर्ने देखिएको छ। ती विधेयकबारे पनि सांसदहरूले आ–आफ्ना जिल्ला र क्षेत्रमा पुगेर जनताका राय सल्लाह लिने अवसर मिलेको ठानिएको छ।

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक प्रकाशचन्द्र परियारले रासससँग कुरा गर्दै संसद्को बैठक नबस्ने यस अवधिमा जनतासँगको सम्पर्क, संवाद र अन्तरक्रियालाई बढाउँदै पार्टीका काममा पनि सक्रियतापूर्वक लाग्ने बताए। 'यसबीचमा पार्टीको नेतृत्वको सरकारबाट के के राम्रा काम भए ? थप राम्रो गर्न के के सुझाव हुन सक्छन् ? फर्केर आएर जनताका ती सुझाव र आवाजलाई संसद र सरकारसँग कसरी प्रभावकारी रूपमा लैजान सकिन्छ भन्नेमा हाम्रो ध्यान हुनेछ', सचेतक परियारले भने, 'जनतादेखि संसद्, संसद्देखि सकार र संसद् तथा सरकारदेखि जनतासम्मको यो चक्रलाई हामीले निरन्तर कसिलो बनाउनुपर्छ।' सरकारले आगामी आर्थिक वर्षलाई 'कानुन निर्माण तथा सुधार वर्ष' घोषणा गरेका सन्दर्भमा त्यस सम्बन्धमा पनि जनताका सुझाव आफूहरूले लिने सचेतक परियारको भनाइ छ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरूङले गत फागुन २१ गतेको चुनावपछि जिल्ला जान नपाइएका अवस्थामा दुई साताको बैठक स्थगन हुनुले अब जिल्लातिर गएर जनताका समस्या बुझ्ने र सक्दो सहजीकरण गर्ने बताए। रासस

# कान्तिपुर इन्स्टिट्च्युट अफ हेल्थलाई ५० लाख सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रमअन्तर्गत कान्तिपुर इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (KIOCH) लाई ५० लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ।

कम्पनीका अनुसार उक्त सहयोग रकम काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (KIOCH) को बहु-विशेषाज्ञ (मल्टी-स्पेसियालिटी) बाल अस्पताल निर्माण अभियानलाई सहयोग पुऱ्याउने उद्देश्यले उपलब्ध गराइएको हो। सहयोग रकम कम्पनीका अध्यक्ष तथा सञ्चालक समितिका अध्यक्ष उदय शम्भु अधिकारी र प्रमुख कार्यकारी अधिकृत नारायण बलीले अस्पतालका अध्यक्ष डा. भगवान कोइरालालाई हस्तान्तरण गरेका हुन्।

रिलायबल नेपाल लाइफले बालबालिकालाई गुणस्तरीय, सहज र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको KIOCH हातेमालो नेपाल अभियानको महत्वपूर्ण साझेदार बनेको जनाएको छ।

कम्पनीले यस सहयोगले अस्पताल निर्माण कार्यलाई थप गति दिनुका साथै भविष्यमा हजारौं बालबालिकाले आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

कम्पनीका अनुसार स्वास्थ्य, शिक्षा तथा सामाजिक कल्याणका क्षेत्रमा निरन्तर सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्दै आएको रिलायबल नेपाल लाइफले समाजप्रति आफ्नो प्रतिबद्धता, विश्वास र जिम्मेवारीलाई अझ सुदृढ बनाउने विश्वास लिएको छ। साथै, आगामी दिनमा पनि सामाजिक हितका क्षेत्रमा यस्ता सहयोग तथा सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता कम्पनीले जनाएको छ।

# तेस्रो अन्तर्राष्ट्रिय आदिवासी मातृभाषा पत्रकारिता सम्मेलन हुँदै



काठमाडौँ।
नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को आयोजना र नेवाः पत्रकार राष्ट्रिय दबुको संयोजनमा तेस्रो अन्तरराष्ट्रिय आदिवासी मातृभाषा पत्रकारिता सम्मेलन काठमाडौँमा हुने भएको छ। आगामी साउन २४ देखि २७ गतेसम्म हुने सम्मेलनमा फोनिजमा आबद्ध जातीय पत्रकार सङ्गठनहरू तामाङ पत्रकार सङ्घ, किरात राई पत्रकार सङ्घ, तमु (गुरुङ) सञ्चारकर्मी सङ्घ, थारु पत्रकार सङ्घ नेपाल, मगर पत्रकार सङ्घ, लिम्बू पत्रकार सङ्घ र शेर्पा सञ्चार समूह सहआयोजक रहने आज जानकारी दिइएको हो।

संयुक्त राष्ट्रसङ्घले सन् २०२२–२०३२ लाई आदिवासी भाषाको अन्तरराष्ट्रिय दशकका रूपमा घोषणा गरी विश्वभर आदिवासी भाषाको संरक्षण, प्रवद्र्धन र पुनर्जीवनका लागि अभियान सञ्चालन गरिरहेका सन्दर्भमा, विश्व आदिवासी दिवस तथा फोनिजको २७औँ स्थापना दिवसको अवसर पारेर सम्मेलन आयोजना गर्न लागिएको फोनिजका अध्यक्ष लक्की चौधरीले जानकारी दिए। उनका अनुसार सम्मेलनको अन्त्यमा मातृभाषा पत्रकारिताको संरक्षण, प्रवद्र्धन र संस्थागत विकासका लागि आवश्यक नीतिगत सुधार, भाषिक अधिकारको सुनिश्चितता, आदिवासी सञ्चारमाध्यमको सुदृढीकरण तथा पत्रकारहरूको पेसागत सुरक्षासम्बन्धी साझा प्रतिबद्धता समेटेर 'काठमाडौँ घोषणापत्र' जारी गरिनेछ।

फोनिजका महासचिव बलामीका अनुसार सम्मेलनले नेपालसहित विश्वभरका आदिवासी मातृभाषा पत्रकारहरूबीच अनुभव आदानप्रदान, अन्तरराष्ट्रिय सहकार्य, ज्ञान साझेदारी तथा साझा अभियान निर्माण गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ। सम्मेलनबाट मातृभाषा पत्रकारिताको दिगो विकास, पत्रकारहरूको क्षमता अभिवृद्धि तथा अन्तरराष्ट्रिय सञ्जाल विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। सम्मेलनमा विश्वभर आदिवासी मातृभाषा पत्रकारिताको वर्तमान अवस्था, अवसर र चुनौती, पत्रकारहरूको पेसागत, व्यावसायिक तथा भौतिक सुरक्षा, डिजिटल युगमा मातृभाषा सञ्चारको भविष्य, सञ्चार नीतिमा समावेशिता तथा भाषिक अधिकारका विषयमा गम्भीर छलफल हुनेछ। साथै आदिवासी समुदायको जल, जमिन, जङ्गल, जैविक विविधता, जडीबुटी तथा प्राकृतिक स्रोतसँगको सम्बन्ध, जलवायु परिवर्तनले आदिवासी समुदायमा पारेको प्रभाव तथा जलवायु न्यायमा सञ्चारमाध्यमको भूमिकामाथि पनि विभिन्न सत्रहरू सञ्चालन गरिनेछन्।

सम्मेलनमा विज्ञहरूसहित २७ देशका करिब ६० जना अन्तरराष्ट्रिय मातृभाषी पत्रकार, फोनिजका देशभरका शाखाबाट करिब ३०० प्रतिनिधि तथा नेवाः पत्रकार राष्ट्रिय दबुबाट करिब ४० जना प्रतिनिधि, जातीय पत्रकार सङ्गठनहरूबाट करिब १०० जना सहित ५०० जनाभन्दा बढी मातृभाषी पत्रकार तथा सञ्चारकर्मीको सक्रिय सहभागिता रहने आयोजकले जनाएको छ। नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजातीय मुलुक भए पनि धेरै मातृभाषा लोपोन्मुख अवस्थामा पुगेका छन्। सूचना र सञ्चारको मूलधारमा मातृभाषाको प्रयोग सीमित हुँदै गएको तथा आदिवासी समुदायका आवाज पर्याप्त रूपमा प्रतिनिधित्व हुन नसकेको वर्तमान अवस्थामा मातृभाषा पत्रकारिताको संरक्षण, सुदृढीकरण र व्यावसायिक विकासका लागि साझा राष्ट्रिय तथा अन्तरराष्ट्रिय बहस आवश्यक रहेको आयोजकको भनाइ छ। फोनिजले सदस्यता विस्तार र पत्रकारहरूलाई प्रोत्साहनका लागि मधेस र लुम्बिनी प्रदेशमा फेलोसिप (शोधवृत्ति) कार्यक्रम पनि सञ्चालन गर्ने जनाएको छ। रासस

## सात दिनभित्र उखु अनुदान भुक्तानी प्रक्रिया सुरु हुने,
# सहमतिपछि किसानको आन्दोलन स्थगित



**मधेशदृष्टि**
**रौतहट।**
सरकारी उखु अनुदान रकम वितरणमा लामो समयदेखि भइरहेको ढिलाइका कारण आन्दोलनमा उत्रिएका रौतहटका उखु किसानले प्रशासनसँग सहमति भएपछि आफ्ना सम्पूर्ण आन्दोलनका कार्यक्रम तत्कालका लागि स्थगित गरेका छन्।

जिल्ला प्रशासन कार्यालय रौतहटमा बिहीबार प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको उपस्थितिमा तथा सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्रकुमार यादवको अध्यक्षतामा भएको छलफलले सात दिनभित्र अनुदान भुक्तानी प्रक्रिया अघि बढाउने सहमति गरेको हो। छलफलमा उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवसहित किसान प्रतिनिधिहरू सहभागी थिए।

सहमतिअनुसार उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि (संशोधन), २०७५ बमोजिम मापदण्ड पूरा गरेका किसानलाई अनुदान उपलब्ध गराउने प्रक्रिया तत्काल अगाडि बढाइनेछ। यसका लागि सबै स्थानीय तहले सात दिनभित्र किसानको विवरण तथा आवश्यक कागजात सम्बन्धित निकायमा पठाउने र रुजु प्रक्रिया पूरा भएपछि नियमानुसार अनुदान रकम भुक्तानी गरिने प्रशासनले जनाएको छ। निर्णयमा किसानको विवरण संकलनलाई तीव्र बनाउन स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र कृषि शाखालाई सक्रिय रूपमा परिचालन गर्ने तथा आवश्यक समन्वयमार्फत प्रक्रिया छिटो सम्पन्न गर्ने व्यवस्था पनि गरिएको छ।

उखु उत्पादक संघका अध्यक्ष अशोक यादवले किसानको अनुदान रकम सुरक्षित रहेको र आवश्यक कागजात पूरा हुनेबित्तिकै भुक्तानी प्रक्रिया अघि बढाउने विषयमा प्रशासनसँग सहमति भएको बताए। यही सहमतिलाई आधार मानेर हालका लागि आन्दोलनका सबै कार्यक्रम स्थगित गरिएको उनले जानकारी दिए।

प्रमुख जिल्ला अधिकारी भुसालका अनुसार उखुको प्रमाणीकरण सम्बन्धित चिनी उद्योग (मिल) ले गर्ने र किसानको प्रमाणीकरण स्थानीय तहबाट हुनेछ। आवश्यक कागजात पूरा भएपछि अनुदान भुक्तानी समितिले प्रक्रिया अघि बढाउने र एक साताभित्र किसानको बैंक खातामा रकम जम्मा गर्ने लक्ष्य राखिएको उनले बताए।

प्रशासनका अनुसार यसअघि प्रक्रियागत ढिलाइका कारण करिब ७ करोड रुपैयाँ बराबरको अनुदान रकम फ्रिज भएको थियो। माथिल्लो निकायसँग आवश्यक समन्वय गरी उक्त रकम पुनः उपलब्ध गराउने आश्वासन प्राप्त भएको पनि किसान पक्षले जनाएको छ।

अनुदान वितरणमा भएको ढिलाइ तथा प्रशासनिक कार्यसम्पादनप्रति असन्तुष्टि जनाउँदै किसानहरू आन्दोलनमा उत्रिएका थिए। उनीहरूले बुधबार साँझ गरुडा–झाँझ पुल क्षेत्रमा टायर बालेर विरोध प्रदर्शन गर्नुका साथै गौर–चन्द्रपुर मुख्य सडक करिब चार घण्टासम्म अवरुद्ध गरेका थिए। प्रशासनसँग भएको सहमतिपछि भने आन्दोलनका सबै कार्यक्रम तत्कालका लागि स्थगित भएका छन्।

# चट्याङ लागेर पर्सामा १० जना घाइते



**मधेशदृष्टि**
**वीरगंज।**
विहिवार विहान बर्षात संगै परेको चट्याङ लागेर पर्सा जिल्लामा १० जना घाइते भएको खबर छ। घाइते मध्ये गाठालो गएका तीन जना पुरुष र खेत रोप्दै गरेका ७ जना महिला रोपार रहेका छन्। पर्साको पटेर्वा सुगौली गाउँपालिका–२ स्थित थरघटीमा विहिवार बिहान करिब ७:१५ चट्याङ लाग्दा तीन जना घाइते भएको प्रहरी चौकी रंगपुरटाडीका प्रसनि हर्कबहादुर श्रेष्ठले जानकारी दिएका छन्।

घाइते हुनेहरूमा स्थानीय दुःखी महतो धाङड, लालबाबु महतो उराँव र सूर्य महतो उराँव रहेका छन्। उनीहरू घर नजिकै राष्ट्रिय वन जोडिएको स्थानमा पशु चौपाया चराउन गोठाला गएका थिए। घाइतेहरुमध्ये सूर्य महतो उराँवको पेट छातीमा गभिर चोर रहेकोले अवस्था गम्भीर रहेको नारायणी अस्पताल प्रहरी बिटले जनाएको छ।

यसैगरि पर्सा कै पकाहाँमैनपुर गाउँपालिका वडा नं. १ स्थित धोरेको सिथौलियामा धान रोपिरहेका बेला चट्याङ पर्दा सात जना महिला घाइते भएका छन्।

घाइते हुनेहरूमा पकहामैनपुर १ बस्ने ५५ वर्षीया शान्तिदेवी सहनी, ५५ वर्षीया राधिका देवी सहनी, अंन्दाजी ५५ वर्षीया रिता देवी सहनी, ५२ वर्षीया कुश्मी देवी सहनी, ४२ वर्षीया सन्ध्या देवी, ३५ वर्षीया प्रमिला सहनी र ३५ वर्षीया संगीता देवी घाइते हुन्। बिहीबार विहान वर्षासँगै परेको चट्याङका कारण उनीहरू घाइते भएका हुन्।

घाइते मध्ये शान्तिदेवी सहनीको स्थानीय अस्पतालमा उपचार भइरहेको छ र अवस्था सामान्य रहेको छ भने अन्य छ जना घाईतेहरुको भारतको रक्सौलस्थित डंकन अस्पतालमा उपचार भइरहेको छ। तीमध्ये कुश्मी देवी सहनीको अवस्था गम्भीर रहेको छ भने अन्य पाँच जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

## बागमती–लालबकैयामा बढ्दो जलस्तरपछि प्रशासन सतर्क,
# प्रजिअ नेतृत्वमा बाँध र निर्माणाधीन संरचनाको स्थलगत अनुगमन

**मधेशदृष्टि**
**रौतहट।**
निरन्तरको वर्षासँगै बागमती र लालबकैया नदीको जलस्तर बढ्न थालेपछि सम्भावित बाढी तथा नदी कटानको जोखिमलाई ध्यानमा राख्दै रौतहट प्रशासन सक्रिय भएको छ। प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको नेतृत्वमा सुरक्षा निकायका प्रमुखसहितको टोलीले नदी नियन्त्रण बाँध तथा निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण गरेको हो।

अनुगमनका क्रममा राजदेवी नगरपालिका–३ अन्तर्गत बागमती नदीको बाँध वर्षा र नदी कटानका कारण केही स्थानमा सामान्य रूपमा क्षति पुगेको पाइएको छ। निरीक्षणपछि प्रमुख जिल्ला अधिकारी भुसालले सम्बन्धित निकायलाई क्षतिग्रस्त भागको तत्काल मर्मत गरी आवश्यक संरक्षणका उपाय अविलम्ब



कार्यान्वयन गर्न निर्देशन दिएका छन्।

त्यसपछि टोलीले परोहा नगरपालिका–३, तेजापाकडस्थित लालबकैया नदीमा निर्माणाधीन स्पर (कटान नियन्त्रण संरचना) को पनि निरीक्षण गरेको थियो। सो क्रममा निर्माण कार्यको प्रगति, संरचनाको गुणस्तर, बाँधको वर्तमान अवस्था तथा सम्भावित जोखिमबारे प्राविधिक र सम्बन्धित सरोकारवालासँग विस्तृत जानकारी लिइएको थियो।

जिल्ला प्रशासन कार्यालयका अनुसार वर्षायाममा हुन सक्ने बाढी र नदी कटानबाट जनधनको क्षति न्यून गर्न संवेदनशील क्षेत्रहरूको नियमित अनुगमन, आवश्यक मर्मत तथा पूर्वतयारीका कामलाई तीव्रता दिइएको छ। साथै नदी किनारमा बसोबास गर्ने स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन र कुनै पनि विपद्सम्बन्धी सूचना प्राप्त हुनासाथ सम्बन्धित निकायलाई तत्काल जानकारी गराउन प्रशासनले आग्रह गरेको छ।

स्थलगत अनुगमन टोलीमा नारायण दल गणका कर्णेल विश्वास विष्ट, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक रामहरी अधिकारी, राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक कुमार बुढाथोकीलगायत सुरक्षा तथा प्रशासनिक अधिकारीहरूको सहभागिता रहेको थियो।

## कुटपिटबाट घाइते महिलाको उपचारकै क्रममा मृत्यु,
# घटनाबारे अनुसन्धान जारी

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–५ चिलझपटी टोलकी ३४ वर्षीया हीरादेवी यादवको उपचारका क्रममा मृत्यु भएको छ। परिवारले कुटपिटका कारण गम्भीर घाइते भएकी यादवको वीरगंजस्थित न्युरो अस्पतालमा उपचार भइरहेका बेला मंगलबार (असार ३० गते) निधन भएको जनाएको छ। परिवारका अनुसार असार १८ गते बिहान करिब ११ बजे सार्वजनिक जग्गामा निर्माणाधीन बर्थिङ सेन्टर जाने बाटोलाई लिएर भएको विवादका क्रममा हीरादेवीमाथि कुटपिट भएको थियो। घटनापछि उनी गम्भीर घाइते भएकी थिइन्।

घाइते यादवलाई प्रारम्भिक उपचारका लागि पोखरिया अस्पताल लगिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौं पठाइएको र त्यसपछि पुनः वीरगंजस्थित न्युरो अस्पतालमा ल्याइएको परिवारले जनाएको छ। उपचारकै क्रममा उनको मृत्यु भएको हो। मृतकको शव पोस्टमार्टम सम्पन्न भएपछि परिवारलाई जिम्मा लगाइएको तथा अन्त्येष्टि पनि सम्पन्न भइसकेको बताइएको छ।

घटनाबारे इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक प्रदीप पौडेलले भने घटनाको विषयमा फरक जानकारी दिएका छन्। उनका अनुसार असार १८ गते बिहान करिब ११ बजे प्रहरी टोली घटनास्थलमा पुग्दा कुनै विवाद वा असामान्य अवस्था फेला परेको थिएन। अवस्था सामान्य देखिएपछि प्रहरी टोली फर्किएको उनले बताए। प्रहरीका अनुसार सोही दिन साँझ करिब ५ बजे ती महिला आफैं लडेर घाइते भएको र उपचारका लागि अस्पताल लगिएको भन्ने सूचना प्राप्त भएको थियो। घटनाको वास्तविक कारण पत्ता लगाउन अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यका आधारमा दोषी देखिने व्यक्तिमाथि कानुनअनुसार आवश्यक कारबाही प्रक्रिया अघि बढाइने प्रहरी निरीक्षक पौडेलले जानकारी दिए।

# मिटरब्याज आन्दोलन निर्णायक मोडमा,
## वार्ता टोली अन्तिम सहमतिका लागि काठमाडौं प्रस्थान



**मधेशदृष्टि**
**बारा।**
मिटरब्याज तथा ठगीविरुद्ध आन्दोलनरत पक्षको ६ सदस्यीय वार्ता टोली अन्तिम सहमतिमा हस्ताक्षर गर्ने उद्देश्यले काठमाडौं प्रस्थान गरेको छ। गृहमन्त्री सुदन गुरुङ र आन्दोलनरत पक्षबीच मंगलबारदेखि जारी वार्ता निर्णायक चरणमा पुगेपछि टोली सिमरा विमानस्थलबाट काठमाडौं गएको अभियानकर्मी हेमराज दाहालले जानकारी दिए। दाहालका अनुसार मिटरब्याज तथा ठगीविरुद्ध किसान–मजदुर आन्दोलन, नेपालका अध्यक्ष अवधेश कुशबाहाको नेतृत्वमा मनोजकुमार पासमान, निर्गराज जैशी, किरण परियार, रिजन राना र लक्ष्मी घिमिरे सम्मिलित टोली अन्तिम सहमतिमा हस्ताक्षर गर्न काठमाडौं गएको हो। तीन दिनदेखि निरन्तर जारी वार्तापछि आजको छलफललाई दुवै पक्षले अत्यन्त महत्वपूर्ण र निर्णायक मानेका छन्। वार्ताबाट सहमति टुंगोमा पुग्ने अपेक्षासहित टोलीलाई हस्ताक्षर प्रक्रियाका लागि राजधानी पठाइएको हो।मिटरब्याज तथा ठगीविरुद्ध किसान–मजदुर आन्दोलन, नेपालको नेतृत्वमा पीडितहरूले असार २५ गते जनकपुरस्थित तिरहुतिया गाछीबाट काठमाडौंतर्फ 'पैदल मार्च' सुरु गरेका थिए। आन्दोलनकारीहरूले फर्जी लिखत खारेज, मिटरब्याजविरुद्ध प्रभावकारी विशेष ऐन निर्माण, विशेष न्यायाधिकरण गठन, साहु–महाजनको सम्पत्तिको छानबिन, पीडितको सम्पत्ति फिर्ता तथा न्यायपूर्ण आर्थिक कारोबार सुनिश्चित गर्नुपर्ने लगायतका ६ बुँदे माग गृहमन्त्रीसमक्ष प्रस्तुत गरेका छन्।अभियानकर्मी हेमराज दाहालले वार्ताबाट सहमति नजुटे आन्दोलनकारीहरूले पैदल मार्चलाई पुनः निरन्तरता दिने चेतावनी दिएका छन्।

## जितपुरमा चोरीका घटना बढेपछि स्थानीय त्रसित,
# मोटरसाइकलदेखि कृषि मिटरसम्म चोरी




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिका–३ स्थित जितपुर गाउँमा पछिल्ला दिनमा चोरीका घटना निरन्तर बढ्न थालेपछि स्थानीयवासीमा असुरक्षाको भावना बढेको छ। मोटरसाइकल, कृषि प्रयोजनका विद्युतीय मिटर तथा घरपालुवा कुकुरसमेत हराउन थालेपछि गाउँमा सुरक्षा व्यवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ। प्रहरीका अनुसार असार ३० गते राति स्थानीय प्रमोद महतो थारुको घरबाट कृष्णमोहन चौधरी थारुको नाममा दर्ता रहेको ना २ प ५५०४ नम्बरको रातो रङको हिरो होन्डा स्प्लेन्डर मोटरसाइकल अज्ञात व्यक्तिले चोरी गरेका छन्। सोही राति घरमा पालिएको सेतो रङको कुकुर पनि हराएको भन्दै चोरी भएको आशंका गरिएको छ।

इलाका प्रहरी कार्यालय सेढवाका प्रहरी निरीक्षक अरुणकुमार साहले मोटरसाइकल तथा कुकुर हराएको सम्बन्धमा उजुरी प्राप्त भएको पुष्टि गर्दै घटनाको अनुसन्धान अघि बढाइएको जानकारी दिए। चोरीमा संलग्न व्यक्तिको पहिचान र खोजी कार्यलाई तीव्र बनाइएको पनि उनले बताए। यसअघि, चार दिनअघि पनि यही गाउँका शेखर चौधरीको खेतमा जडान गरिएको कृषि विद्युतीय मिटर चोरी भएको थियो। धानबाली सिँचाइका लागि प्रयोग भइरहेको मिटर अज्ञात व्यक्तिले लगेको भन्दै उनले इलाका प्रहरी कार्यालय सेढवामा उजुरी दर्ता गराएका छन्। छोटो अवधिमै लगातार चोरीका घटना दोहोरिन थालेपछि स्थानीयवासीले गाउँमा रातिको सुरक्षा व्यवस्था थप कडा बनाउन, नियमित प्रहरी गस्ती बढाउन तथा चोरीमा संलग्न व्यक्तिलाई यथाशीघ्र पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गरेका छन्। प्रहरीले भने पछिल्ला चोरीका घटनालाई गम्भीर रूपमा लिएर अनुसन्धानलाई तीव्र बनाइएको जनाएको छ। साथै घटनामा संलग्न व्यक्तिको खोजी तथा प्रमाण संकलनको काम निरन्तर जारी रहेको प्रहरीको भनाइ छ।

# धनुषा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। जिल्ला खोप समन्वय समिति धनुषा र स्वास्थ्य कार्यालय धनुषाको आयोजनामा भएको कार्यक्रममा जिल्लाले राष्ट्रिय मापदण्ड पूरा गरेपछि औपचारिक रूपमा घोषणा गरिएको हो।

कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले पूर्ण खोप सुनिश्चितता घोषणा केवल औपचारिक उपलब्धि नभई बालबालिकाको स्वास्थ्य सुरक्षाप्रतिको राज्यको प्रतिबद्धताको प्रमाण भएको बताए। उनले खोपबाट कुनै पनि बालबालिका वञ्चित नहुने सुनिश्चित गर्न स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीचको समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले जिल्लाका सबै स्थानीय तहले खोप कार्यक्रमका सूचक पूरा गरेपछि धनुषालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको जानकारी दिए। उनका अनुसार नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै खोप छुटेका बालबालिकाको खोजी, अभिलेख व्यवस्थापन र समुदायस्तरमा जनचेतना अभिवृद्धिलाई प्राथमिकता दिइनेछ। कार्यक्रममा जिल्ला समन्वय समिति, स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, स्वास्थ्यकर्मी, विकास साझेदार संस्था तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो। कार्यक्रममा जिल्लाका १८ वटै स्थानीय तहका स्वास्थ्यकर्मीलाई सम्मान पनि गरिएको थियो।

## सम्पादकीय

# मधेशको सत्ता समीकरण:
# केन्द्रको छायाँमा प्रदेशको भविष्य

नेपालको संघीय संरचनामा मधेश प्रदेशको राजनीतिक समीकरण सधैँ चासोको विषय रहँदै आएको छ। हाल मधेश प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा नेकपा एमाले लगायतका दलहरूको गठबन्धन सरकार क्रियाशील छ। यो गठबन्धनले प्रदेशको राजनीतिक स्थिरता कायम राख्ने प्रयास गरिरहेको देखिन्छ। तर, केन्द्रमा प्रमुख राजनीतिक दलहरू, विशेषगरी नेपाली कांग्रेस र नेकपा एमालेबीचको सम्बन्ध र समीकरणले प्रदेशको सत्तामा प्रत्यक्ष प्रभाव पार्ने गरेको यथार्थलाई नकार्न सकिँदैन।

केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहकार्यमा बारम्बार उतारचढाव आउने गरेको छ। जब केन्द्रमा यी दुई दलबीच सहमति जुट्दैन वा उनीहरू फरक ध्रुवमा उभिन्छन्, त्यसको असर प्रदेश सरकारहरूमा पनि देखिन थाल्छ। मधेशमा एमाले र कांग्रेस एकै गठबन्धनमा रहनु आफैँमा एउटा विरोधाभासपूर्ण अवस्था हो, विशेषगरी जब केन्द्रमा उनीहरू एकअर्काका प्रतिस्पर्धीका रूपमा प्रस्तुत हुन्छन्। यस्तो अवस्थामा एमालेले ’लाज पचाएर’ कांग्रेससँग सहकार्य गरिरहन्छ कि भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। यो सहकार्य प्रदेशको आवश्यकतामा आधारित हो वा केन्द्रको राजनीतिक दाउपेचको उपज हो भन्नेमा पनि बहस जारी छ।

केन्द्रमा एमाले र कांग्रेस नमिल्दा मधेशमा उनीहरूको गठबन्धनमाथि दबाब बढ्ने निश्चित छ। केन्द्रीय नेतृत्वको निर्णय र निर्देशनले प्रदेशका नेताहरूलाई आफ्नो अडान परिवर्तन गर्न बाध्य पार्न सक्छ। यदि केन्द्रमा नयाँ समीकरण बन्छ वा पुरानो भत्किन्छ भने त्यसको सोझो असर मधेशको सत्ता समीकरणमा पर्नेछ। यसले प्रदेश सरकारको स्थायित्वमाथि प्रश्नचिह्न खडा गर्छ र विकास निर्माणका कार्यहरूमा समेत बाधा पुग्न सक्छ। राजनीतिक अस्थिरताले प्रदेशको समग्र प्रगतिमा नकारात्मक असर पार्ने सम्भावना रहन्छ।

मधेश प्रदेशको राजनीतिक स्थिरताका लागि केन्द्रीय राजनीतिको प्रभावबाट मुक्त हुन सक्नुपर्छ। प्रदेशका दलहरूले आफ्नो प्रदेशको हितलाई सर्वोपरि राखी निर्णय लिन सक्नुपर्छ। यद्यपि, नेपालको राजनीतिक प्रणालीमा केन्द्रको प्रभाव निकै बलियो भएकाले प्रदेश सरकारहरूले स्वायत्त रूपमा काम गर्न चुनौतीको सामना गर्नुपर्छ। एमाले र कांग्रेसजस्ता ठूला दलहरूले प्रदेशमा फरक र केन्द्रमा फरक नीति लिँदा मतदातामा पनि अन्योल सिर्जना हुन सक्छ।

अतः मधेश प्रदेशको सत्ता सुरक्षित राख्न र यसको भविष्य सुनिश्चित गर्नका लागि केन्द्रीय राजनीतिक दलहरूले प्रदेशको विशिष्टतालाई बुझ्नु आवश्यक छ। केन्द्रमा हुने राजनीतिक खिचातानीले प्रदेशको विकास र सुशासनलाई प्रभावित पार्नु हुँदैन। प्रदेशका दलहरूले पनि आफ्नो स्वार्थभन्दा माथि उठेर प्रदेशको हितमा काम गर्नुपर्छ। दिगो विकास र समृद्ध मधेशका लागि स्थिर र जनमुखी सरकार अपरिहार्य छ, जुन केन्द्रीय राजनीतिको छायाँबाट मुक्त हुन सक्नुपर्छ।

# सिँचाइ सुविधासँगै फेरिएको दाङको कृषि प्रणाली

नारायणी रजौरे/रासस

खेतीयोग्य जमिनमा सिँचाइ पु-याउने उद्देश्यले सञ्चालनमा ल्याइएको बृहत् दाङ उपत्यका सिँचाइ आयोजनाको कार्यान्वयनले सिँचाइयोग्य जमिनको क्षेत्रफल विस्तार भएसँगै स्थानीय किसानको जीवनस्तरमा सुधार आएको देखिन्छ। हाइड्याम्प, लिफ्ट, भूमिगत सिँचाइ प्रणाली, नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली, डाइभर्सन, सतह सिँचाइ प्रणालीको विकास गरिएको छ।

विसं २०७३ मा सञ्चालनमा आएको सो सिँचाइ आयोजना आर्थिक वर्ष २०८४÷८५ सम्म कार्यान्वयनमा रहँदा दाङको ५६ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ पु¥याउने लक्ष्य राखिएको आयोजनाले जनाएको छ। आयोजनाले सिँचाइका पूर्वाधार निर्माणको कामलाई अघि बढेको आयोजना प्रमुख टोपबहादुर खत्रीले जानकारी दिए। ‘आयोजनामार्फत ४३ वटा विशाल ड्याम (जलाशय) निर्माण गरेका छौँ, अधिकांश जलाशयबाट सिँचाइ सुविधा उपलब्ध भइसकेको छ भने केहीमा थप पूर्वाधार निर्माणका काम भइरहेको छ,’ आयोजना प्रमुख खत्रीले भने।

सिँचाइको असुविधा हुँदा बाँझो जमिन राख्नुपरेका यहाँका अधिकांश किसान यी ड्याम निर्माण भएपछि उत्साहित बनेका छन्।

आकासेपानीको भर पर्नुपर्ने अवस्था हटेको तुलसीपुर उपमहानगरपालिका–१८ पिर्थली कुइरेसोता जलाशय सिँचाइ जलउपभोक्ता समितिका अध्यक्ष खिमबहादुर डाँगीले बताए। ‘हाम्रो धेरै जग्गाहरु बाँझा थिए। जलाशय निर्माण भएपछि ती जग्गामा बार्हैमास सिँचाइ सुविधा पुगेको छ। अहिले तीन सिजनमा खेतीपाती हुन्छ,’ उनले भने।

त्यहाँ रहेको सानो सोतालाई करोडौँ लगानी गरेर ड्याम निर्माण गरिएको छ। जुन ड्याममा बर्सातको समयमा परेको पानी पनि जम्मा हुने र वैशाख–जेठसम्म सिँचाइको सुविधा पुग्ने गरेको छ। उनले भने, ‘विगतमा हामी आकासेपानीको भर पर्नुपर्ने बाध्यता थियो, अहिले वैशाख–जेठमा पनि सिँचाइ पु¥याउन सफल भएका छौँ।’ उनका अनुसार एक करोड ८३ लाख रुपैयाँ लागतमा तीन वर्षअघि काम सुरु गरेको ड्याम निर्माण सम्पन्न भएको छ। दुई लाख घनमिटर पानी अट्ने सो जलाशयबाट त्यस क्षेत्रको ६० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ।

सिँचाइ सुविधा उपलब्ध भएपछि गाउँका अधिकांश किसानले बेमौसमी तरकारीखेती तथा मकैखेती गरेर राम्रै आम्दानी गर्न थालेका छन्। यहाँ सिँचाइको सफल अभ्यासको चर्चा बढेसँगै अन्य जिल्लाहरुबाट पनि जलाशयको अवलोकन गर्नेहरुको संख्या बढ्नुका साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उनको भनाइ छ।

घोराही उपमहानगरपालिका–२ र ४ का कतिपय किसानहरुले जलाशयमा सिँचाइको अतिरिक्त माछापालन गर्ने, पर्यटक भित्र्याउनका लागि डुङ्गा सञ्चालनको तयारी पनि थालेका छन्। ३२ हेक्टर क्षेत्रफलमा सिँचाइ गर्न सकिने सोही ड्याममा तीन लाख घनमिटर पानी अट्न सक्ने क्षमता छ। दुई करोड रुपैयाँको लगानीमा ड्याम निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ। सरेसोता जलाशया उपभोक्ता श्यामलाल भण्डारीले भने, ‘यो ड्यामलाई हामीले सिँचाइसँगै आम्दानीका अन्य विकल्पहरुमा पनि उपयोग गर्ने सोचाइ राखेका छौँ।’

जिल्लाका विभिन्न ठाउँमा निर्माण गरिएका ड्याम अवलोकन गर्नका लागि धेरै ठाउँबाट मानिसहरु आउने गरेका छन्। निर्माण भएका ड्यामहरु हेर्दा मनोरम देखिन्छन्। कुनै प्राकृतिक तालभन्दा कम छैनन्। सिँचाइका लागि बनाएका तालहरुले जिल्लाको पर्यटन क्षेत्रको विकास गर्ने पनि अपेक्षा लिईएको तुलसीपुर उपमहानगरपालिका–१८ निवासी विष्णुप्रसाद दुलालले बताए। ‘यी ड्यामहरु सिँचाइका लागि मात्रै होइन्, पर्यटकीय विकासका लागि पनि प्रयोग गर्न सकिन्छ, पिकनिक स्पट बनाएर पर्यटकहरु तान्न सकिन्छ,’ पिथली कुइरेसोता ड्यामका उपभोक्तासमेत रहनुभएका उनले भने, ‘माछापालन गरेर आम्दानी पनि गर्न सकिन्छ, डुङ्गा सयर गर्ने व्यवस्था पनि गर्न सकियो भने यसले बहुआयामिक फाइदा दिन्छ।’ सोही ड्याम १२७ हेक्टर क्षेत्रफलमा सिँचाइ गर्नसक्ने क्षमता रहेको छ।

ती सबै ड्यामबाट किसानका खेतखेतमा सिँचाइ पु¥याउनका लागि लिफ्टिङ प्रणाली जडान गरिएको छ। आयोजनाका सूचना अधिकारी इञ्जिनीयर रेजिना खरेलले भने, ‘केही स्थानमा सोलारबाट र केही स्थानमा विद्युत्बाटै लिफ्टिङ गरिएको छ।’ केही वर्ष पहिले निर्माण पूरा भएको घोराही उपमहानगरपालिका–२ रामपुरस्थित चेपे तालमा बृहत सिँचाइ आयोजनाले पाँच वटा लिफ्टिङ जडान गरेको छ। यसबाट ३२ हेक्टर क्षेत्रफलमा सिँचाइ भएको छ। ८४ लाख रुपैयाँको लागतमा पाँच वटा लिफ्ट जडान कार्य भएको हो।

यी चार ड्यामसहित जिल्लामा अन्य ४३ वटा ड्याम निर्माण भएका छन्। जसबाट जिल्लाको दुई हजार १८२ हेक्टर क्षेत्रफलमा सिँचाइले ओगट्को छ। तुलसीपुर उपमहानगरपालिकामा १५ वटा, घोराही उपमहानगरपालिकामा १६ वटा तथा दङ्गीशरणमा १०, शान्तिनगर र बबई गाउँपालिकामा एक एक वटा गरी ४३ वटा ठूला ड्याम निर्माण भएका छन्। पछिल्लो समय यस्ता ड्यामको माग अत्याधिक भएको भन्दै आयोजनाले गुरुयोजना निर्माण गरिरहेको आयोजना प्रमुख खत्री बताए। जिल्लामा करिब २०० स्थानमा यस्ता ड्याम निर्माण गर्न सकिने उनको भनाइ छ।

यहाँको कृषियोग्य जमिन रहेका फाँटहरुमा कुनै बेला सानो ‘सोता’ थिए। खोलो बग्थ्यो। ती खोलाले सीमित किसानले मात्रै सिँचाइको लाभ लिन पाउँथे। बिघौबिघा खेतियोग्य जग्गा सिँचाइ नहुँदा सुख्खा हुन्थ्यो। सिँचाइको व्यवस्था नहुँदा धेरै युवाहरु वेरोजगार हुन्थे तर अहिले अवस्था फेरिएको छ। बाँझा खेतहरुमा सिँचाइ सुविधा पुग्न थालेपछि अहिले लटरम्म अन्न, तरकारीलगायत उत्पादन भइरहेका छन्।

### लिफ्टिङ पनि उत्तिकै प्रभावकारी

यहँको सिँचाइ प्रणालीमा ड्यामसँगै लिफ्टिङ निर्माण कार्य पनि उत्तिकै प्रभावकारी देखिएको छ। तुलसीपुर उपमहानगरपालिका–१४ भोजपुरमा बबई नदीबाट सोलारमार्फत लिफ्टिङ गरी सिँचाइका लागि पानी ल्याइएको छ। यसबाट किसानलाई निकै सहज भएको छ। विगतमा स्थानीय कुलोबाट सिँचाइ गर्ने र त्यसले सबै किसानलाई सिँचाइ गर्न सकिने अवस्था थिएन् तर अहिले बृहत् सिँचाइले लिफ्टिङबाट पानी ल्याएपछि सहज भएको स्थानीय उपभोक्ता होताराम खत्रीले बताए। ‘पहिले स्थानीय कुलो थियो, त्यसले सबै किसानलाई भ्याउने अवस्था थिएन,’ उनले भने ‘तर, अहिले लिफ्टिङबाट बबईको पानी तानेपछि सहज भएको छ।’

अहिले त्यहाँका किसानले दुई बाली लगाउन सहज भएको छ। वैशाख–जेठमै मकै तथा अन्य तरकारी खेती गर्न सकिएको उनले बताए। त्यस्तै पुस–माघमा पनि सिँचाइमा सहज भएको उनको भनाइ छ। १५ किलोवाट सोलारबाट बबईको पानी तानिएको हो। यस्तै जिल्लामा २६ वटा लिफ्ट निर्माण हुँदा ८५७ हेक्टरमा सिँचाइ पुगेको छ। तुलसीपुर उपमहानगरपालिकामा आठ वटा, घोराही उपमहानगरपालिकामा पाँच तथा दङ्गीशरणमा नौ, शान्तिनगरमा एक र बबई गाउँपालिकामा तीन वटा लिफ्ट सिँचाइ निर्माण भएको कार्यालयले जनाएको छ।

त्यस्तै यो अवधिमा जिल्लामा ३३ वटा नयाँ प्रविधिमा आधारित सिँचाइ पोखरी निर्माण भई ६०६ हेक्टर क्षेत्रफलमा सिँचाइ पुगेको छ। अहिले थप २० वटा लिफ्ट निर्माणको काम भइरहेको छ भने १८ वटा लिफ्ट सिँचाइ प्रणालीको डिपीआर तयार भइसकेको छ। त्यस्तै भूमिगत सिँचाइतर्फ यसै आर्थिक वर्षमा २५ वटा डिप ट्युवेलको निर्माण कार्य अन्तिम चरणमा रहेको र थप १७ वटा डिप–बोरिङको लागि बोलपत्र आह्वान गरिएको उनले बताए।

तुलसीपुर उपमहानगरपालिका–१८ मनिकापुरका एकिकृत जलउपभोक्ता संस्थाका अध्यक्ष राकेश बस्नेतले त्यहाँ निर्माण गरिएको डिप–बोरिङको पानीले ३० बिघा जमिनमा सिँचाइ सुविधा पुगेको बताए। डिप–बोरिङ नहुँदा यसअघि त्यहाँ वर्षात्को समयमा मुस्किलले एक खेती हुन्थ्यो।

अहिले तीनयाममा खेतिपाती हुने गरेकाले अति प्रभावकारी भएको उन बताउनुहुन्छ। गाउँका धेरै किसानले तरकारीखेतीबाट राम्रो आम्दानी गरेका छन्। त्यस्तै उपत्यकाको पहाडी भिरालो कृषियोग्य भूमिमा नयाँ प्रविधिको सिँचाइ प्रणाली विकास गर्नका लागि फोहोरा सिँचाइ, पाइप सिँचाइ तथा पोखरी सिँचाइ गरी ३३ वटा निर्माण भएको आयोजनाले जनाएको छ।

### माडी–दाङको अध्ययनको तयारी

प्रत्येक वर्ष माडी–दाङका लागि सङ्घीय तथा प्रदेश सरकारले बजेट विनियोजन गर्छन् तर त्यसको उल्लेख्य प्रगति हुन नसकेको गुनासो नागरिक स्तरबाट आउने गरेको छ। अहिले उक्त आयोजनाको अध्ययनको तयारी भइरहेको सूचना अधिकारी खरेलले बताए। त्यस्तै शारदा–दाङ डाइभर्सनको अध्ययन पनि जारी रहेको छ तर त्यो आयोजना निर्माणको सम्भावना न्यून रहेको छ।

त्यस्तै ग्वारखोला उच्च बाँधको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। अब विस्तृत इञ्जिनियरिङ अध्ययनको सुरुवात भएको छ। डाइभर्सनबाट आउने पानीलाई सिँचाइ क्षेत्रसम्म पु¥याउनका लागि उरहरी–जसपुर सिँचाइ प्रणाली र डुरुवा नहर प्रणालीको आधुनिकीकरण गर्ने कार्य सुरु भएको छ।

### आयोजना राष्ट्रिय प्राथमिकतामा नपर्दा समस्या

बृहत् दाङ उपत्यका सिँचाइ आयोजना राष्ट्रिय प्राथमिकतामा पर्न नसकेको आयोजना प्रमुख खत्रीले बताए। त्यस्तै उपत्यकाभित्रको अधिकांश कृतिम जलाशय निर्माण गर्ने क्षेत्र वन क्षेत्र पर्ने भएकाले चुनौतीपूर्ण रहने गरेको छ भने बबई नदी अत्यधिक मात्रामा बाढी आइरहने भएकाले इन्टेक निर्माण गर्न कठिन हुने गरेको छ। उपत्यकाभित्रका करिब ३०० वटा किसान व्यवस्थित नहर प्रणालीको पुनस्थापना एवं आधुनिकीकरण गरी डाइभर्सनबाट आपूर्ति हुने पानीलाई किसानको खेतमा पुऱ्याइ बाह्रै महिना सिँचाइ सुविधा पु¥याउन सहज उनले बताए।

‘थ्री फेज’ युक्त विद्युतीकरण सुविधा नभएका कारण विद्युत् वितरण प्रणाली निर्माण हुन नसक्दा समस्या हुने गरेको छ। नदीजन्य पदार्थको अत्यधिक र अव्यवस्थित उत्खननले चुनौती बढेको आयोजनाको भनाइ रहेको छ।

# आर्थिक समृद्धिको नयाँ आधार बन्दै वन

–भेषराज बस्नेत/रासस

बाँकेमा वन जोगाउने अभियान वातावरणीय सन्तुलनमा मात्र सीमित नभई आर्थिक समृद्धिको नयाँ आधारका रुपमा विकसित हुँदै गएको छ। वन संरक्षणलाई केवल वातावरण जोगाउने एउटा सीमित र परम्परागत दायित्वका रूपमा मात्र हेरिन्थ्यो तर पछिल्ला वर्षहरूमा बाँके जिल्लाले वन संरक्षणको परिभाषा मात्र बदलेको छैन, यसलाई स्थानीय अर्थतन्त्र र समृद्धिको बलियो आधारसमेत बनाएको छ। यो स्थानीय रोजगारी, आयआर्जन, पर्यटन प्रवर्द्धन र जैविक विविधताको संरक्षणसँग जोडिएको एउटा बृहत् हरित आर्थिक अभियानका रूपमा विकसित भइरहेको छ।

बाँके राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र सरकारद्वारा व्यवस्थित वनहरूले जिल्लाको ठूलो भूभाग ओगटेका छन्। यहाँका वन क्षेत्रमा बाघ, गैँडा, हाती, चितुवा, जरायो, बँदेल, नीलगाईलगायतका दुर्लभ वन्यजन्तुको वासस्थान रहेको छ। वन संरक्षण प्रभावकारी बन्दै जाँदा वन्यजन्तुको संख्या बढेको छ भने वन क्षेत्रको घनत्वसमेत सुधारिएको डिभिजन वन कार्यालय बाँकेका प्रमुख सिनियर डिभिजनल वन अधिकृत शङ्करप्रसाद गुप्ताले जानकारी दिए।

उनका अनुसार बाँकेका सामुदायिक वनहरू अहिले ग्रामीण अर्थतन्त्रका महत्वपूर्ण आधार बनेका छन्। वन उपभोक्ता समूहहरूले काठ, दाउरा, घाँस तथा विभिन्न गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरेर वार्षिक लाखौँ रूपैयाँँ आम्दानी गरिरहेका छन्। ती रकम वन संरक्षण, सामुदायिक विकास, विद्यालय, सडक तथा विपन्न परिवारको सहयोगमा खर्च गरिँदै आएको छ। यसले वन संरक्षण र सामाजिक विकासलाई एकसाथ अगाडि बढाएको छ।

वनबाट प्राप्त हुने गैरकाष्ठ वन पैदावारको सम्भावना पनि बाँकेमा उल्लेखनीय छ। सतुवा, कुरिलो, हर्रो, बर्रो, अमला, बेल, मह तथा विभिन्न जडीबुटीजन्य उत्पादनहरू स्थानीय समुदायका लागि आम्दानीको स्रोत बनेका छन्। पछिल्लो समय यस्ता उत्पादनको व्यावसायिक खेती तथा प्रशोधनतर्फ आकर्षण बढ्दै गएको छ। वनमा आधारित उद्यम सञ्चालन गरेर धेरै युवाले रोजगारी पाएका छन्। विदेश जानुपर्ने बाध्यता केही हदसम्म कम गर्न पनि यस्ता गतिविधिले सहयोग पु¥याइरहेका छन्। राष्ट्रिय वनसँगै जोडिएको बाँके राष्ट्रिय निकुञ्जले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पु¥याएको डिभिजन वन कार्यालय बाँकेका प्रमुख सिनियर डिभिजनल वन अधिकृत गुप्ताले बताए।

बाँके निकुञ्ज स्थापना भएपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ। वन्यजन्तु अवलोकन, जङ्गल सफारी, प्रकृति अध्ययन र पर्यावरणीय पर्यटनका गतिविधिले स्थानीय होटल, यातायात तथा अन्य व्यवसायलाई चलायमान बनाएको छ। पर्यटनसँग जोडिएका स्थानीय युवाले प्रकृति पथप्रदर्शक, होटल व्यवसायी तथा सेवा प्रदायकका रूपमा रोजगारी प्राप्त गरिरहेका छन्। यसले वन संरक्षणबाट प्रत्यक्ष आर्थिक लाभ लिन सकिने उदाहरण प्रस्तुत गरेको छ।

‘वन संरक्षणले कृषि क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ। बाँकेका धेरै क्षेत्रमा वन संरक्षणका कारण मुहान र जलाधार क्षेत्र सुरक्षित भई यसबाट खेतीपातीका लागि आवश्यक पानी उपलब्ध हुन मद्दत पुगेको छ,’ गुप्ताले भने, ‘अब वनलाई केवल संरक्षणको दृष्टिले मात्र होइन, हरित अर्थतन्त्रको आधारका रूपमा हेर्न आवश्यक छ। कार्बन व्यापार, पर्यावरणीय सेवा, प्रकृतिमा आधारित पर्यटन तथा वनजन्य उद्योगहरू विकास गर्न सके बाँकेले आर्थिक समृद्धिको नयाँ उचाइ हासिल गर्न सक्छ।’

उनका अनुसार, आज बाँकेमा वन संरक्षण र आर्थिक विकासबीचको सम्बन्ध स्पष्ट रूपमा देखिन थालेको छ। जङ्गललाई सम्पत्तिका रूपमा संरक्षण गर्दै त्यसको दिगो उपयोग गर्न सकियो भने हरियाली नै समृद्धिको आधार बन्न सक्छ। बाँकेले यही मार्ग समातेको छ, जसले अन्य जिल्लाका लागि पनि अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ। जलवायु परिवर्तनका असर बढ्दै गएको अवस्थामा वनले तापक्रम नियन्त्रण, वर्षा चक्र सन्तुलन र माटो संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। यसले अन्ततः कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षामा योगदान पुऱ्याउँछ।

### थपिए चक्ला वन

बाँकेमा दिगो वन व्यवस्थापनको लागि सामुदायिक वन सम्वर्द्धन प्रणालीअन्तर्गत चालु आर्थिक वर्षमा थप दुईवटा चक्ला वन निर्माण गरिएको छ। राप्तीसोनारी गाउँपालिकाको माथेवास–शमशेरगञ्ज क्षेत्रमा एकमात्र चक्ला वन रहेकोमा चालु आर्थिक वर्ष २०८२/८३ मा थप दुई चक्ला वन निर्माण गरिएको डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजनल वन अधिकृत गुप्ताले जानकारी दिए। उनका अनुसार,यो वर्ष राप्तीसोनारी वडा नं. ३ र ४ मा भुवरभवानी र वडा नं. १ मा खर्चेताल चक्ला वन निर्माण गरिएसँगै बाँकेमा अव चक्ला वनको सङ्ख्या तीन पुगेको छ। माथेवास–शमशेरगञ्ज चक्ला वन देशकै सबैभन्दा ठूलो चक्ला वन हो। ३१ सामुदायिक वनलाई समेटेर दुई हजार ५७८ हेक्टरमा फैलिएको यो चक्ला वनले वन व्यवस्थापनमा वैज्ञानिक र व्यावसायिक विधिको अभ्यास गर्दै आएको छ।

दुई वटा चक्ला वन थप भएसँगै अव ५८ सामुदायिक वनको करिव सात हजार पाँच सय हेक्टर क्षेत्रफलमा सामुदायिक वन सम्वर्द्धन प्रणालीअन्तर्गत दिगो वन व्यवस्थापन लागू गरिएको छ। वन व्यवस्थापन नहुँदा सालका पुराना रूख कुकाठमा परिणत भइरहेका थिए। चक्ला वनले वन व्यवस्थापनमा नयाँ पुस्ताका सालका रूखलाई हुर्किन उपयुक्त वातावरण तयार गरिरहेको डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजनल वन अधिकृत गुप्ताको भनाई छ।

डिभिजन वन कार्यालय बाँकेले सञ्चालन गरेको चक्ला वन व्यवस्थापन नेपालमा वन संरक्षण र दिगो उपयोगको एउटा प्रभावकारी अभ्यासको रूपमा लिइन्छ। वन क्षेत्रलाई व्यवस्थित रूपमा उपयोग गर्दै संरक्षण र उत्पादन दुवै सन्तुलनमा राख्नु यसको मुख्य उद्देश्य रहेको डिभिजन वन कार्यालय बाँकेका चक्ला वन व्यवस्थापन स्रोत व्यक्ति वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिए। ‘चक्ला वनमा उमेर पुगेका रुखलाई निश्चित मापदण्डमा रही कटान गर्ने र नयाँ रुख हुर्कनका लागि वैज्ञानिक विधिमा उपयुक्त वातावरण सिर्जना गरिएको हुन्छ,’ सुवेदीले भने, ‘चक्ला वनमा नयाँ बिरुवालाई आवश्यकता अनुसारको सङ्ख्या, गुणस्तर र प्रजातिलाई समीश्रण गरेर हुर्कन मद्दत गरिन्छ। चक्ला वनका रूपमा घोषित क्षेत्रलाई विभिन्न खण्ड र उप–खण्डमा विभाजन गरिएको छ।’

सुवेदीका अनुसार, आव २०७३/वर्षदेखि सुरु भएको सम्शेरगन्ज–माथेबास चक्ला वन व्यवस्थापन कार्यक्रमबाट वार्षिक रूपमा १० करोड ७४ लाख रुपैयाँ बढी राजश्व सङ्कलन भइरहेको छ। कार्यालयले चालु आव २०८२/८३ बाट कार्यान्वयनमा ल्याएको ‘भूवर भवानी र खर्चेताल चक्ला वन’ बाट पनि वार्षिक रूपमा सोही हराहारीमा राजश्व सङ्कलन हुने अनुमान गरेको छ।

चक्ला वन व्यवस्थापन गर्दा दुवै क्षेत्रमा करिब ३० देखि ३५ जना कर्मचारीले वर्षभरि रोजगारी पाएको र ४०० देखि ४५० जना स्थानीय बासिन्दाले प्रत्यक्ष लाभ लिन पाएका छन्। उनीहरू रुख कटान मुछान, घाटगद्धी, वनपथ निर्माण, मर्मतलगायत सम्बन्धी काममा जोडिएका छन्। ‘चक्ला वनलाई व्यवस्थापन गरेर नयाँ रुख बिरुवा हुर्कने, वनको उत्पादन बढ्ने र वन व्यवस्थापन हुन्छ,’ सहायक वन अधिकृत सुवेदी भन्नुहुन्छ, ‘यसबाट बजारमा काठ दाउराको पनि सहज आपूर्ति हुन्छ, देश काठमा आत्मनिर्भर हुन्छ र स्थानीयलाई रोजगारी सिर्जना पनि हुन्छ।’

घर निर्माणमा काठको प्रयोग बढाउने, विदेशी काठको आयात निरुत्साहित गर्ने, पिभिसी र आल्मुनियमको प्रयोग घटाउन चक्ला वनबाट उत्पादित काठलाई छिटो र छरितो रूपले उपभोक्तालाई उपलब्ध गराउने काम कार्यालयले गरिरहेको सुवेदीको भनाई छ। वन क्षेत्रका दृष्टिले समृद्ध मानिने बाँके जिल्लामा अहिले सरकारी संरक्षित क्षेत्रबाहेक दुई सय ४७ वन क्षेत्र छन्। तीमध्ये ११९ सामुदायिक, चार धार्मिक र १२४ निजी वन रहेका छन्। बाँकेमा कूल एक लाख १९ हजार ९३९ हेक्टर वन क्षेत्रमध्ये ५२ प्रतिशत बाँके राष्ट्रिय निकुञ्जअन्तर्गत पर्दछ भने बाँकी ४८ प्रतिशत डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने सुवेदीले जानकारी दिए।

### समृद्धिको नयाँ आधार बन्दै सामुदायिक वन

बाँके जिल्लामा हाल ११८ वटा सामुदायिक वन दर्ता भई सञ्चालनमा छन्, जसले २६ हजार ११६.५८ हेक्टर क्षेत्रफल ओगटेका छन्। यीमध्ये ५८ वटा सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रणाली लागू भइसकेको छ, जसको क्षेत्रफल १२ हजार १५३ हेक्टर रहेको छ। यी सामुदायिक वनहरू अहिले ग्रामीण अर्थतन्त्रका मेरुदण्ड बनेका छन्। वन उपभोक्ता समूहहरूले काठ, दाउरा, घाँस तथा विभिन्न गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरेर वार्षिक लाखौँ रूपैयाँ आम्दानी गरिरहेका छन्। यो आम्दानी केवल वनकै विकासमा मात्र होइन, गाउँठाउँको मुहार फेर्न खर्च भइरहेको सामुदायिक वन उपभोक्ता महासङ्घ बाँकेका अध्यक्ष सावित्रा पुनले बताए।

उनका अनुसार, सामुदायिक वनले स्थानीय सरकारसँग समन्वय गरी विद्युत्‌ विस्तार, बाटोघाटो, सडक तथा नाला निर्माणमा साझेदारी, स्थानीय विद्यालयहरूमा शिक्षकको बन्दोबस्तदेखि विद्यालय भवन निर्माण र मर्मतसम्भार, महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन रकम, गर्भवती आमाहरूलाई ’शिशु स्याहार कार्यक्रम’ अन्तर्गत पोसिलो खानेकुरा र बच्चाका लागि न्यानो कपडा वितरण गर्ने गरेका छन्। यसवाहेक व्यापार–व्यवसाय गर्न चाहने विपन्न सदस्यहरूलाई विनाब्याज एक लाख रुपैयाँसम्म सापटी, कृषि औजार, मोटर पाइप र उन्नत बीउबिजनमा अनुदान, मानव बस्ती र वन क्षेत्रबीच तारबार गरेर मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा भूमिका निर्वाह गर्दै आएको उनको भनाइ छ।

### गैरकाष्ठ पैदावार र पर्या–पर्यटनः युवाको सारथि

बाँकेका वनहरू बहुमूल्य जडीबुटीका भण्डार हुन्। सतुवा, कुरिलो, हर्रो, बर्रो, अमला, बेल र महजस्ता गैरकाष्ठ वन पैदावार स्थानीयको आम्दानीको मुख्य स्रोत बनेका छन्। यसको व्यावसायिक खेती र प्रशोधनतर्फ युवाहरूको आकर्षण बढेकाले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतासमेत केही हदसम्म कम भएको छ। अर्कातर्फ, दुर्लभ वन्यजन्तुहरू जस्तै–बाघ, गैँडा, हात्ती, चितुवा, जरायो, बँदेल र नीलगाईको वासस्थान रहेको बाँके राष्ट्रिय निकुञ्ज पर्या–पर्यटनको केन्द्र बनेको छ।

निकुञ्ज स्थापनासँगै जङ्गल सफारी, वन्यजन्तु अवलोकन र प्रकृति अध्ययनका लागि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेको छ। यसले स्थानीय होटल, यातायात र व्यापारलाई चलायमान बनाउँदै स्थानीय युवाहरूलाई प्रकृति पथप्रदर्शक (गाइड) र व्यवसायीका रूपमा प्रत्यक्ष रोजगारी दिएको सामुदायिक वन उपभोक्ता महासङ्घ लुम्बिनी प्रदेश सदस्य महेन्द्र शाहीले बताए। उनका अनुसार, वन संरक्षणले स्वस्थ वनका कारण पानीका मुहान र जलाधार क्षेत्र सुरक्षित भएका छन्। यसले खेतीपातीका लागि सिँचाइ सुनिश्चित गर्नुका साथै जलवायु परिवर्तनको मारमा परेको कृषि क्षेत्रमा तापक्रम नियन्त्रण र वर्षा चक्र सन्तुलन गर्न मद्दत पुऱ्याएको छ। सफलताका अनेकन् कथा बुनिइरहँदा बाँकेका वन क्षेत्रमा चुनौतीहरू भने अझै सकिएका छैनन्। वन डढेलो, अवैध कटानी, वन अतिक्रमण र निकुञ्ज आसपासका बस्तीहरूमा देखिने मानव–वन्यजन्तु द्वन्द्व अझै पनि प्रमुख समस्याका रूपमा रहेका छन्। वन उद्यमहरू सञ्चालन गर्न झन्झटिलो कानुनी प्रक्रिया हुनु, उत्पादित जडीबुटी र वन पैदावारको प्रशोधन गर्ने उद्योगको अभाव हुनु, र बजारको उचित पहुँच नहुनुले सोचेजस्तो आर्थिक लाभ लिन अझै नसकिएको सामुदायिक वन उपभोक्ता महासङ्घ प्रदेश सदस्य शाहीको भनाइ छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# महिला उद्यमीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले महिला उद्यमीहरूको उद्यमशीलता विकासका लागि हरसम्भव सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहिबार महिला उद्यमी महासंघ नेपालका पदाधिकारीसँग भएको छलफलमा उनले महिला उद्यमीका समाधान गर्न सरकार सक्रिय रहेको तथा उनीहरूले उत्पादन गरेका वस्तुको पर्यटकीय स्थलहरूमा प्रवद्र्धन गर्ने वातावरण निर्माण गरिने बताए । छलफलमा महासंघका प्रतिनिधिले व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न, वस्तु तथा सेवालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पु¥याउन विशेष कार्यक्रम सञ्चालन गर्न तथा व्यापार मेला, प्रदर्शनी, 'बिजनेस–टु–बिजने म्याचिङ' र निर्यात प्रवद्र्धनका कार्यक्रममा अनिवार्य सहभागी



हुन आग्रह गरे । महासंघले विकास गरेको 'म उद्यमी ट्रेडमार्क'लाई स्थापित गर्न भएको आग्रहप्रति प्रधानमन्त्री शाहले सकारात्मक जवाफ दिँदै उक्त ट्रेडमार्कलाई शीघ्र बजारमा ल्याउन सुझाए । छलफलका क्रममा महासंघको वार्षिक अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलामा सरकारको संस्थागत सहकार्यको माग पनि गरिएको थियो । साथै, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा आवश्यक व्यवस्था गरी महिला उद्यमीलाई सार्वजनिक खरिद प्रक्रियामा प्राथमिकता दिन तथा सरकारी कार्यालय र शैक्षिक संस्थाले महिला उद्यमीका वस्तु तथा सेवा खरिद गर्नुपर्ने व्यवस्था लागू गर्न अनुरोध गरिएको थियो ।
महिला उद्यमीहरूले वित्तीय सहुलियत वास्तविक उद्योगीसम्म पुग्न नसकेको गुनासो गर्दै उक्त सुविधा गाउँ–गाउँसम्म विस्तार गर्न, पहुँच बढाउन तथा पुँजी अभावका कारण उद्यम रोकिन नदिन धितोको वैकल्पिक व्यवस्था गर्न पनि सरकारसँग माग गरे । महिला उद्यमीहरूको छाता संस्था महासंघलाई सरकारका नीति निर्माण तथा निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने माग गर्दै उनीहरूले स्थानीय तहमा सीपमूलक तालिम सञ्चालनका लागि महासंघले दक्ष स्रोत व्यक्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । महिला उद्यमशीलताको प्रवद्र्धन, लगानी तथा वित्तीय पहुँच विस्तार, उद्यममैत्री नीतिगत सुधार, सीप तथा क्षमता विकास, नवप्रवर्तन, डिजिटल उद्यमशीलता तथा महिला नेतृत्वमा आधारित उद्यमहरुको दिगो विकाससम्बन्धमा छलफल भएको थियो । छलफलमा महासंघका प्रथम उपाध्यक्ष सुनिता वैद्य , महासचिव सविता सुवेदी, सचिव डिकीला लामा तृतीय, उपाध्यक्ष महालक्ष्मी श्रेष्ठलगायत सहभागी थिए । रासस

# अमेरिकी बजारमा नेपाली उत्पादनको पहुँच सुनिश्चित गर्न आग्रह




**काठमाडौं ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले अमेरिकी बजारमा नेपाली उत्पादनको पहुँच सुनिश्चित गर्न अमेरिका समक्ष आग्रह गरेकी छन् ।
नेपालस्थित अमेरिकी दूतावासका कार्यवाहक राजदूत स्कट अर्बमसँग बिहीबार मन्त्रालयमा भएको शिष्टाचार भेटमा मन्त्री यादवले सन् २०१५ मा सुरु भएको 'नेपाल ट्रेड प्रिफरेन्स प्रोग्राम'को अवधि सन् २०२५ डिसेम्बरमा समाप्त भएकाले नेपाली उत्पादनका लागि उक्त व्यापार सहुलियत पुनः उपलब्ध गराउन आग्रह गरेकी हुन् ।
भेटका क्रममा मन्त्री यादवले नेपाल र अमेरिकाबीच भएको 'व्यापार तथा लगानी ढाँचा सम्झौता' (टिफा) अन्तर्गतको संयन्त्रलाई नियमित संवादमार्फत सक्रिय बनाउँदै द्विपक्षीय व्यापार र लगानी प्रवद्र्धन गर्नुपर्नेमा जोड दिइन् । उनले नेपालमा नीतिगत तथा कानुनी सुधारमार्फत लगानीमैत्री वातावरण सुदृढ बनाइएको उल्लेख गर्दै थप अमेरिकी लगानी भित्र्याउन सरकार इच्छुक रहेको बताइन् । मन्त्री यादवले जलविद्युत् तथा नवीकरणीय ऊर्जा, पर्यटन पूर्वाधार, कृषि प्रशोधन, उत्पादनमूलक उद्योग र डिजिटल अर्थतन्त्रलगायत क्षेत्रमा अमेरिकी लगानीका लागि आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।
भेटमा अमेरिकी कार्यवाहक राजदुत स्कट अर्बमले व्यापार सहुलियतको निरन्तरता तथा नेपालमा लगानी प्रवद्र्धनका विषयमा अमेरिका सकारात्मक रहेको बताएका थिए । रासस

# शिक्षामन्त्रीसँग जापानी राजदूतको भेटवार्ता



**काठमाडौं ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि जापानी राजदूत मायदा तोरुले बिहिबा शिष्टाचार भेटवार्ता गरेका छन् । सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा उनीहरूबीच
नेपाल–जापानबीचको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध, साझा हित तथा बहुआयामिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको छ । आगामी दिनमा शिक्षा क्षेत्रमा गर्न सकिने सम्भावित सहकार्यका क्षेत्रबारे पनि विचार–विमर्श भयो ।
भेटका क्रममा नेपाल सरकारको प्रवक्ता समेत रहेका मन्त्री पोखरेलले नेपाल र जापानबीचको ऐतिहासिक, मैत्रीपूर्ण तथा विश्वासमा आधारित सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गरे । उनले सार्वजनिक शिक्षा सुधारका लागि सरकार प्रतिबद्धताका साथ अघि बढिरहेको उल्लेख गर्दै भने, 'सार्वजनिक शिक्षा सुधारका चुनौतीहरू छन् । त्यसलाई स्विकार्नु नै सुधारको प्रारम्भिक पूर्वशर्त हो । त्यसमा शिक्षा तथा खेलकुद मन्त्रालय पूर्ण रूपमा प्रतिबद्ध छ ।'
मन्त्री पोखरेलले शिक्षामा गरिएको लगानीको प्रतिफल प्राप्त हुन समय लाग्ने भएतापनि सुधार र परिवर्तनको प्रक्रिया तत्काल सुरु गर्नुपर्ने भएकाले विद्यालयको भौतिक पूर्वाधार मूल्याङ्कनको काम अघि बढाइएको बताए । सोही आधारमा आगामी दिनमा आवश्यकता अनुसार विद्यालयमा बजेट विनियोजन गरिने बताउँदै भौतिक पूर्वाधार, शैक्षिक सुविधा तथा शिक्षक तालिमलगायतका क्षेत्रमा मन्त्रालयले प्राथमिकताका साथ काम गर्ने विश्वास दिलाए ।
उनले सुरक्षित विद्यालय पूर्वाधार, 'डिजिटल' तथा 'स्मार्ट लर्निङ', शिक्षकको पेसागत क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषणलगायतका क्षेत्रमा जापान सरकारसँग सहकार्य गर्न सकिने उल्लेख गरे । मन्त्री पोखरेलले जापानमा विद्यालय तहदेखि नै विद्यार्थीलाई सांस्कृतिक, मूल्य र अनुशासन सिकाउने अभ्यासलाई नेपालले पनि अनुसरण गरी संस्कृति, मूल्य–मान्यता तथा सहकार्यको भावना विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिने धारणा राखे ।
मन्त्री पोखरेलले परिवर्तित सन्दर्भअनुसार नयाँ सोच र सुधारसहित सरकार अघि बढिरहेको उल्लेख गर्दै सम्भावित क्षेत्रमा जापान सरकारसँग सहकार्य गर्न नेपाल तयार रहेको बताए । जापानी राजदूत तोरुले सार्वजनिक विद्यालय शिक्षा सुधारका लागि नेपाल सरकारले थालेका प्रयासमा जापान सरकारको निरन्तर सहयोग रहने विश्वास व्यक्त गरे । उनले विद्यालय शिक्षाको सुधार र सुशासनका लागि दीर्घकालीन राजनीतिक प्रतिबद्धता, सक्षम कर्मचारीतन्त्र तथा समग्र प्रणालीको विश्वास आवश्यक हुने उल्लेख गर्दै त्यस पहलमा जापानले आवश्यक सहयोग गर्ने बताए ।
उनले गुणस्तरीय विद्यालय शिक्षाका लागि शिक्षक तालिम अपरिहार्य रहेको उल्लेख गर्दै शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालनमा प्रभावकारी रूपमा उपयोग गर्न सुझाव दिए । राजदूत तोरुले सार्वजनिक शिक्षा सुधारका लागि समग्र शिक्षा प्रणालीमा सुशासन स्थापना गर्न दीर्घकालीन प्रतिबद्धता आवश्यक रहेको बताए । उनले शिक्षा क्षेत्रमा हुने सुधारले अपेक्षित परिणाम दिन समय लाग्ने भएकाले प्रारम्भिक चरणमै दृढ प्रतिबद्धता र धैर्य आवश्यक रहेको उल्लेख गरे ।
राजदूत तोरुले नीतिगत स्थायित्व, प्रशासनिक सहजीकरण तथा पूर्वाधार विकासलाई थप गति दिन सके जापानी निजी क्षेत्रको नेपालप्रतिको आकर्षण अझ बढ्न सक्ने धारणा राखे । सूचना प्रविधि क्षेत्रमा नेपाल–जापानबीच सहकार्य विस्तार गर्ने प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै उनले डिजिटल पूर्वाधार विस्तार, प्राविधिक जनशक्ति विकास, नवप्रवर्तन तथा लगानी प्रवद्र्धनका क्षेत्रमा दुई देशबीच सहकार्यलाई अझ मजबुत बनाउन सकिने बताए । रासस

# निःशुल्क स्वास्थ्य पोर्टलबाट दुई हजार बढीले पाए उपचार सेवा




काठमाडौं ।
सरकारले विपन्न वर्गलाई लक्षित गरी सञ्चालन गरेको निःशुल्क स्वास्थ्य पोर्टलमार्फत उपचार सेवा लिनेको संख्या दुई हजार २०० नाघेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार पोर्टलमा आबद्ध अस्पतालको संख्या बढ्दै गएको छ । सुरुमा १३ अस्पताल आबद्ध रहेकोमा अहिले यो संख्या २३८ पुगेको मन्त्रालयका प्रवक्ता डा. समीरकुमार अधिकारीले जानकारी दिए ।
पोर्टलमार्फत अस्पतालले आफ्नो कुल शय्या संख्या र त्यसको १० प्रतिशत बराबरको निःशुल्क शय्याको विवरण नियमित रूपमा अद्यावधिक गर्ने गरेका छन् । विपन्न बिरामी वा उनीहरूका आफन्तले मोबाइल र कम्प्युटरबाट कुन अस्पतालमा कति निःशुल्क शय्या उपलब्ध छ भन्ने जानकारी लिन सक्ने व्यवस्था गरिएको छ । साथै अस्पतालमा उपलब्ध रगतसम्बन्धी जानकारी पनि पोर्टलबाट हेर्न सकिनेछ ।
संविधानमा व्यवस्था गरिएको निःशुल्क स्वास्थ्य उपचारको अधिकार कार्यान्वयन गर्न सरकारले सूचना प्रविधिमा आधारित यो प्रणाली सञ्चालनमा ल्याएको हो । स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ अनुसार अस्पतालले कुल शय्याको १० प्रतिशत विपन्न, असहाय र बेवारिसे बिरामीका लागि निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।
मन्त्रालयका अनुसार देशभरका अस्पतालमा सोमबार दिउँसोसम्म २८ हजार ७०४ शय्याको १० प्रतिशत बराबर तीन हजार ३८० निःशुल्क शय्या उपलब्ध छन् ।
तीमध्ये ५९३ शय्यामा विपन्न बिरामीले निःशुल्क उपचार पाइरहेका छन् भने अझै दुई हजार ७८७ शय्या खाली छ । प्रवक्ता अधिकारीका अनुसार पोर्टल सञ्चालनपछि हालसम्म एक हजार ७६० भन्दा बढी व्यक्तिले निःशुल्क शय्या सुविधा पाएका छन् ।
देशका ठूला अस्पतालमध्ये सबैभन्दा बढी निःशुल्क शय्या बिपी कोइराला क्यान्सर अस्पतालमा उपलब्ध छ । त्यहाँ उपलब्ध २५१ निःशुल्क शय्यामध्ये सबै खाली छन् ।
निःशुल्क शय्याको सबैभन्दा बढी प्रयोग भने वीर अस्पतालमा भएको छ । डा अधिकारीले निःशुल्क शय्याबारे आम नागरिकलाई जानकारी नभएकाले प्रयोगकर्ता संख्या कम देखिएको बताउँदै जानकारी विस्तारसँगै यसको प्रयोग बढ्ने बताए । मन्त्रालयले निःशुल्क उपचार पोर्टल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गरी 'वेबसाइट'मा राखेको जनाएको छ । पोर्टललाई थप व्यवस्थित बनाउँदै लक्षित वर्गलाई निःशुल्क उपचार सेवा सहज बनाउने काम भइरहेको मन्त्रालयले जनाएको छ । रासस

# शैक्षिक प्रणाली सुधार गर्न दीर्घकालीन योजनासहित ठोस कदम चालिएको छः मन्त्री पोखरेल



**चितवन ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मुलुकको शैक्षिक प्रणाली सुधारका लागि सरकारले दीर्घकालीन योजनाका साथ ठोस कदम चालेको बताएका छन् । चितवनको भरतपुर विमानस्थलमा बिहिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री पोखरेलले सरकारले व्यवस्थित र वैज्ञानिक तवरले शिक्षा क्षेत्रको रूपान्तरण गर्न लागेको उल्लेख गरेका छन् ।
सामुदायिक विद्यालयको गुणस्तरबारे सोधिएको प्रश्नमा मन्त्री पोखरेलले भने, हामीले समग्र रूपमा पाठ्यक्रमलाई पूर्ण रूपमा पुनःसंरचना गर्न कार्यदल गठन गरेर काम अगाडि बढाइसकेका छौँ । शिक्षक तालिमका काम अगाडि बढाइएका छन् । विद्यालयको पूर्वाधार सुधारलाई प्रणालीगत र वैज्ञानिक ढङ्गले अघि बढाउने काम भइरहेको छ । शिक्षा क्षेत्रमा गरिने लगानीको परिणाम आउन समय लाग्ने बताउँदै मन्त्री पोखरेलले आज लगानी गरिसकेपछि १५–२० वर्षपछि प्रतिफल देखिने भएकाले धैर्य भएर नीतिगत काम थाल्नुपर्छ भने ।
मन्त्री पोखरेलले शिक्षासम्बन्धी विधेयक आगामी पुस्ता र प्रविधिलाई समेत ध्यानमा राखेर ल्याइने प्रष्ट पारेका छन् । उनले भने, अहिले टेक्नोलोजी, एआई कहाँ पुगिसकेको छ, त्यो सबै कुरालाई र समेट्ने यथाशीघ्र विधेयक ल्याइने छ । निजी क्षेत्रलाई व्यवसाय गर्ने वातावरणका लागि सरकार सदा सकारात्मक रहेको बताउँदै उनले शैक्षिक परामर्शलगायत क्षेत्रमा आउनसक्ने समस्यालाई समयमै नियमन गर्न केही प्रयास गरिएको प्रष्ट पारेका छन् ।
मन्त्री पोखरेलले विदेश अध्ययन गर्न जाने विद्यार्थी अलपत्र पर्ने समस्या अन्त्य गर्न कन्सल्टेन्सीले उचित परामर्श र मार्गदर्शन गर्न सक्नुपर्ने बताउँदै मन्त्री पोखरेलले शैक्षिक क्षेत्रलाई थप व्यवस्थित बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । रासस

# बागमती प्रदेशका पत्रकारलाई उपचारमा सहुलियत



**बागमती ।**
बागमती प्रदेश सरकारले बागमती प्रदेशका पत्रकारलाई प्रदेश अस्पतालबाट स्वास्थ्य उपचार सेवामा सहुलियत दिने भएको छ । बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा प्रदेश स्वास्थ्यमन्त्री किरण थापामगरले मन्त्रीस्तरीय निर्णय अनुसार नेपाल पत्रकार महासङ्घ, बागमती प्रदेशको सिफारिसमा पत्रकारलाई स्वास्थ्य सेवमा ५० प्रतिशत सहुलियत दिने जानकारी दिए ।
यहाँका प्रदेश अस्पतालले आइसियु, प्रयोगशाला, एक्सरे, सिटी स्क्यान, एमआरआई, भिडियो, एक्सरे सेवामा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको हो । नेपाल पत्रकार महासङ्घ, बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरले मन्त्रालयको सो निर्णयबाट पत्रकारहरू लाभान्वित हुने बताए । रासस

# सम्पत्ति विवरण सङ्कलन र छानबिन स्थगित

**काठमाडौं ।**
सम्पत्ति छानबिन आयोगले सम्पत्ति विवरण सङ्कलन र छानबिनसम्बन्धी सम्पूर्ण कार्य हालका लागि स्थगित गरेको छ ।
आयोगले बिहिबार एक सूचना जारी गर्दै सर्वोच्च अदालतबाट यही असार ३१ गतेको आदेशअनुसार रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि सो कार्य स्थगित गरिएको जनाएको हो ।
आयोगले पूर्वन्यायाधीश, संवैधानिक आयोगका पूर्वपदाधिकारी र नेपाली सेनाका पूर्वपदाधिकारीबाहेकका अन्य सार्वजनिक जवाफदेहीको जिम्मेवारी निर्वाह गरेका राजनीतिक पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण सङ्कलन गरिरहेको थियो । आयोगले सम्पत्ति विवरण बुझाउने म्याद बिहिबार सम्मका लागि तोकेको थियो । रासस

# अर्जेन्टिना विश्वकप फाइनलमा प्रवेश



**काठमाडौँ ।**
इङ्ल्यान्डलाई पराजित गर्दै अर्जेन्टिना 'फिफा विश्वकप २०२६' को फाइनलमा प्रवेश गरेको छ ।
अमेरिकाको एटलान्टा स्टेडियममा भएको खेलमा अर्जेन्टिनाले इङ्ल्यान्डलाई २–१ गोलले हराउँदै फाइनल यात्रा तय गरेको हो । अर्जेन्टिना लगातार दोस्रो पटक विश्वकप फाइनलमा पुगेको छ । यसअघि अघिल्लो संस्करणमा अर्जेन्टिनाले फ्रान्सलाई हराउँदै विश्वकप उपाधि जितेको थियो ।
खेलको सुरुआती अग्रता भने इङ्ल्यान्डले लिएको थियो । खेलको ५५औँ मिनेटमा एन्थोनी गोर्डनले गोल गर्दै इङ्ल्यान्डलाई अघि बढाएका थिए । तर ८५औँ मिनेटमा अर्जेन्टिनाका एन्जो फर्नान्डेजले गोल गर्दै खेल बराबरीमा ल्याए । अतिरिक्त समयको दोस्रो मिनेटमा लाउटारो मार्टिनेजले गोल गर्दै अर्जेन्टिनालाई २–१ को जित दिलाए । यससँगै अर्जेन्टिनाले विश्वकप फाइनलमा स्थान पक्का गरेको हो । रासस

## आठ करोडको लगानीमा चिया उद्योग सञ्चालनः

# उत्पादित 'अर्गानिक अर्थोडक्स' अन्तर्राष्ट्रिय बजारमा

**इलाम ।**
इलामको जस्बिरे चिया प्रशोधन उद्योगले पछिल्लो समय आफ्नो उत्पादन क्षमतालाई तीन गुणाले विस्तार गरेको छ । दुई वर्षअघि सो उद्योग आगलागीबाट क्षति समेत भएको थियो । उद्योग सञ्चालक गृष्म सुब्बाले उद्योगद्वारा उत्पादित अर्गानिक अर्थोडक्स 'स्पेशल टी' अमेरिका, जापान र जर्मनीका बजारमा बिक्री हुने गरेको जानकारी दिए ।
इलाम नगरपालिका–४ जस्बिरे गाउँका १८५ घरपरिवारले उत्पादन गर्ने हरियोपत्ती र उद्योगको ६० रोपनी तथा भाडामा लिएको ४०० रोपनी जमिनमा उत्पादन हुने हरियोपत्ती प्रशोधन भइरहेको उनले बताए । 'वार्षिक ३० हजार केजी अर्गानिक अर्थोडक्स चिया उत्पादन भइरहेको थियो । यस वर्षदेखि उत्पादन क्षमता बढाएर एक लाख केजी पु¥याउने तयारी छ', सञ्चालक सुब्बाले भने, 'दुई वर्षअघि भएको आगलागीमा रु आठ करोड बराबरको क्षति बेहोरेर फेरि शून्यबाट यात्रा सुरु गरेका हौँ ।'



एक दशकअघि १४ लाखको लगानीबाट सुरु गरिएको जस्बिरे चिया प्रशोधन उद्योग अहिले आठ करोडको लगानीमा विस्तार भएको छ । उद्योगको सबैभन्दा ठूलो विशेषता 'स्पेशल टी' हो । वार्षिक सात हजार केजी उत्पादन हुने यो चियामध्ये करिब दुई हजार केजी सुइरोबाट मात्र तयार गरिन्छ ।
उद्योगले प्रतिकेजी १५ हजारमा बिक्री गर्ने यही चिया विदेशी बजारमा एक लाखसम्ममा पुग्ने उद्योगका अर्का सञ्चालक शरद सुब्बाले बताए । 'नेपालसँगै अमेरिका, जापान, फ्रान्स, चीन, नेदरल्यान्ड्स, डेनमार्क र जर्मनीसम्म जस्बिरे चियाले बजार बनाएको छ ।' शरदले भने, 'विदेशमा पुगेपछि हामीले १५ हजार रुपैयाँ प्रतिकेजी बेचेको चिया एक लाखसम्ममा बिक्री भएको छ ।' उद्योगको सफलतामा सुब्बा परिवारका सबै सदस्यको भूमिका छ । 'नेपाल टी च्यालेन्ज–२०२४' का 'बेस्ट टी मेकर' शरद सुब्बाले चियाको गुणस्तर सम्हालिरहेका छन् भने अन्य सदस्यले बजार व्यवस्थापन, प्राविधिक पक्ष र अन्तर्राष्ट्रिय प्रवद्र्धनमा जिम्मेवारी पाएका छन् । २०४२ मा स्वर्गीय भैरव रिसालले सुरु गराएको चियाखेती विस्तारको अभियान आज फैलिरहेको हो ।
रिसालले यहाँ आउँदा आलुखेती मात्र होइन, चिया रोप्न पनि सिकाएका थिए । त्यतिखेर चियाखेतीबारे ज्ञान आर्जन गरेका स्थानीय सूर्य सुब्बालाई कुनै दिन आफ्ना छोराहरूले चिया उद्योग नै सञ्चालन गर्लान् भन्ने लागेको थिएन । तर, अहिले उनका छोराहरूले सञ्चालन गरेको 'जस्बिरे चिया प्रशोधन उद्योग' चिया उद्योगका क्षेत्रमा 'ब्रान्ड' बनेको हो ।
सूर्यका चार भाइ छोरा छन् । त्यसमध्येका जेठो र माइलो शरद र गृष्मले १० वर्षअघि जम्मा १४ लाख लगानीमा उद्योग सुरु गरेका थिए । गृष्मले उद्योगको बजार व्यवस्थापन गर्छन् । शरद नेपालकै 'बेस्ट टी मेकर' हुन् । उनले चिया बनाउन थालेको २० वर्ष भइसकेको छ । उद्योगमा उत्पादन हुने सबै किसिमका चिया शरदले बनाउँछन् ।
साहिँला छोरा निर्विकल्पको काम उद्योगको प्राविधिक पाटो हेर्ने हो । कान्छा छोरा विकल्प अस्ट्रेलियामा मार्केटिङ अध्ययनरत छन् । गृष्मका छोरा कर्म पनि भर्खरै पढाइ सकेर उद्योगमा काम गर्न आएका हुन् । उनको काम विदेशी पाहुनालाई चियाका बारेमा जानकारी दिनु हो । यहाँ सुनकेसरी, रेड पान्डा, कोठीडाँडा ब्यूटीलगायत नामका ३५ भन्दा बढी प्रकारका अर्गानिक अर्थोडक्स चिया उत्पादन हुने गरेको छ । एक वर्षमा 'स्पेशल टी' मात्र सात हजार केजी उत्पादन हुन्छ । रासस

# व्यवसायिक तरकारीखेती गर्ने किसानलाई अनुदान



**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा व्यवसायिक तरकारीखेती र पशुपालन गर्ने किसानलाई उत्पादनका आधारमा रु २५ लाखभन्दा बढी अनुदान वितरण गरेको छ । नगरपालिकाको 'उत्पादनका आधारमा प्रोत्साहन' कार्यक्रमअन्तर्गत एक सय १६ जना किसानलाई रु २५ लाख ६९ हजार नौ सय ८३ अनुदान प्रदान गरिएको हो । यसमध्ये ५९ जना तरकारी किसानलाई रु १३ लाख ४९ हजार नौ सय ८३ तथा ५७ जना पशुपालक (३८ जना बाख्रापालक र १९ जना गाईभैँसीपालक) लाई रु १२ लाख २० हजार वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिए ।
उत्पादनमा आधारित अनुदानका लागि दूधमा रु १५ लाख, तरकारीमा रु १० लाख र मासुमा रु सात लाख ५० हजार बजेट विनियोजन गरिएको थियो । पशु सेवा शाखामा परेका ६६ आवेदनमध्ये स्थलगत अनुगमनपछि ५७ वटा व्यावसायिक फार्म छनोट गरिएको पशु चिकित्सक डा. सुदीप पौडेलले बताए । छनोट भएका किसानलाई न्यूनतम रु १३ हजारदेखि अधिकतम रु ४५ हजारसम्म अनुदान उपलब्ध गराइएको छ ।
तरकारीतर्फ कृषि शाखामा ६३ वटा आवेदन परेकामा ५९ जना किसान तथा कृषक समूह छनोट भएका थिए ।
काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा, खुर्सानी, अकबरे खुर्सानी, मूला, गाजर, प्याज र लसुन उत्पादन गर्ने किसानलाई खेती गरिएको क्षेत्रफल र बिक्री भएको उत्पादनका आधारमा अनुदान प्रदान गरिएको कृषि अधिकृत आकृति ढुङ्गानाले बताइन् । बेनी नगरपालिका–१ रत्नेचौरका किसान निरबहादुर थापाले थोरै नगद प्राप्त भए पनि यो कार्यक्रमले मेहनत गर्ने किसानलाई प्रत्यक्ष लाभ पुगेको बताए । उनका अनुसार उत्पादनका आधारमा अनुदान दिँदा वास्तविक किसान छुट्दैनन् र साना किसानलाई व्यवसाय विस्तार गर्ने आत्मविश्वास बढेको छ ।
आर्थिक वर्ष २०८०/८१ देखि गाईभैँसी र बाख्रापालक किसानलाई सञ्चालन गरिएको 'उत्पादनका आधारमा प्रोत्साहन' कार्यक्रम प्रभावकारी बनेपछि यस वर्षदेखि तरकारीखेती गर्ने किसानलाई पनि समेटिएको नगरपालिकाले जनाएको छ । नगर प्रमुख सुरत केसीका अनुसार मासु, दूध र तरकारीको उत्पादन वृद्धि गर्दै कृषि क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम प्रभावकारी बनेको छ ।
उनले किसानलाई व्यावसायिक बनाउन र उत्पादन बढाउन उत्पादनपछि नगद प्रोत्साहन दिने नीति सफल भएको उल्लेख गर्दै साना तथा मझौला किसानलाई पनि समेट्ने गरी कार्यविधि तयार गरिएको बताए । कार्यक्रमलाई व्यवस्थित बनाउन नगरपालिकाले किसानलाई लघु, साना, मझौला र व्यावसायिक उद्यमी गरी चार वर्गमा विभाजन गरेको छ । वर्गअनुसार रु १५ हजारदेखि रु ४५ हजारसम्म अनुदान उपलब्ध गराइने व्यवस्था छ । यसका लागि दूध उत्पादन, बाख्रापालन वा तरकारी उत्पादन तथा बिक्रीका न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने प्रावधान राखिएको छ ।
उपप्रमुख ज्योती लामिछानेले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमले पशुपालक किसानलाई व्यावसायिक बनाउन र टिकाइराख्न सहयोग पुगेको बताइन् । कृषि क्षेत्रलाई प्राथमिकता दिएको बेनी नगरपालिकाले वडा नं. ४ सिंगामा चिस्यान गृह सञ्चालनमा ल्याएको छ भने वडा नं. ८ कालीपुलमा कृषि बजार सञ्चालनको तयारी गरिरहेको जनाएको छ । रासस

# हर्मुज केन्द्रित अमेरिकी आक्रमण तीव्र

**तेहरान ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा नफर्किए थप कडा सैन्य कारबाही गर्ने चेतावनी दिइरहेका बेला संयुक्त राज्य अमेरिकाले बुधबार हर्मुज जलघाँटी क्षेत्रमा इरानको सैन्य क्षमता लक्षित गर्दै नयाँ हवाई आक्रमण सुरु गरेको छ । यससँगै करिब एक महिनाअघि भएको अमेरिका–इरान समझदारीपछि रोकिएको प्रत्यक्ष सैन्य टकराव फेरि तीव्र बनेको छ ।
अमेरिकी सेन्ट्रल कमान्डका अनुसार आक्रमण १९ः०० जीएमटीदेखि सुरु गरिएको हो । हर्मुज जलघाँटी हुँदै स्वतन्त्र रूपमा आवतजावत गर्ने जहाजलाई जोखिममा पार्न प्रयोग भइरहेका इरानी सैन्य संरचना र क्षमतामाथि कारबाही केन्द्रित गरिएको जनाएको छ । अमेरिकी सेनाले इरानको बन्दरगाहमा लगाइएको नौसैनिक नाकाबन्दी तोड्न खोजिरहेको खाली तेल ट्याङ्करलाई पनि हेलफायर मिसाइल प्रहार गरी निष्क्रिय बनाएको दाबी गरेको छ । कुराकाओको झण्डा बोकेको 'एम/टी बेल्मा' नामक उक्त जहाजलाई निष्क्रिय पारिएकाले अब इरानतर्फ अघि बढ्न नसक्ने अमेरिकी सेन्ट्रल कमान्डले जनाएको छ ।
तइरानी सरकारी सञ्चारमाध्यमहरूले बन्दर अब्बास, रास्क, चाबहार, केशम, बन्दर इमाम खोमेनी तथा बुसेहरलगायत दक्षिणी क्षेत्रहरूमा विस्फोट भएको जनाएका छन् । बुसेहरमा रहेको इरानको एकमात्र नागरिक आणविक ऊर्जा केन्द्र आसपास पनि अमेरिकी आक्रमण भएको दाबी गरिएको छ । मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यले अमेरिका र इरानबीच समझदारीपत्रमा हस्ताक्षर भएको झन्डै एक महिनामै दुवै पक्ष पुनः सैन्य भिडन्तमा उत्रिएका हुन् । इरानको रिभोलुसनरी गार्ड्सले बहराइनस्थित अमेरिकी पाँचौँ



नौसैनिक फ्लीटलाई लक्षित गरेको जनाएको छ ।
त्यसपछि बहराइनमा हवाई साइरन बजाइएको थियो । जोर्डनले इरानबाट प्रहार गरिएका तीनवटा मिसाइल खसालेको जनाएको छ भने इराकको एरबिल क्षेत्रमा अमेरिकी नेतृत्वको गठबन्धनले विस्फोटक पदार्थ बोकेका आठवटा ड्रोन खसालेको कुर्दिस सुरक्षा बलले जनाएको छ । घटनामा मानवीय क्षतिको पुष्टि भएको छैन । राष्ट्रपति ट्रम्पले इरान वार्तामा नफर्किए आगामी सातादेखि विद्युत् केन्द्र र पुलजस्ता पूर्वाधारमाथि पनि आक्रमण हुन सक्ने चेतावनी दिएका छन् । यद्यपि, दुवै पक्षबिचको मध्यस्थतामार्फत जारी वार्ता औपचारिक रूपमा समाप्त भएको छैन । इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले भने समझदारी पत्रका प्रावधान कार्यान्वयन नभएसम्म त्यसको कुनै अर्थ नरहने र इरानले त्यसको पालना गर्नुपर्ने आधार पनि नरहने बताएका छन् ।
यसपटकको तनावको केन्द्र फेरि हर्मुज जलघाँटी बनेको छ । यो जलघाँटीलाई विश्व ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ । फेब्रुअरीमा सुरु भएको युद्धपछि इरानले जलघाँटी बन्द गरेको थियो ।
गत महिना भएको अन्तरिम सहमतिपछि केही समय खुला भए पनि इरानले अमेरिकी आक्रमण जारी रहेसम्म पुनः बन्द राख्ने घोषणा गरेको थियो । समुद्री ट्र्याकर केप्लरका अनुसार जलमार्गबाट हुने जहाज आवागमन उल्लेखनीय रूपमा घटेको छ भने पछिल्लो तनावसँगै अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पनि बढ्न थालेको छ ।
अमेरिकाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी पुनः लागू गरेपछि इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले यस कदमले गत महिनाको अन्तरिम समझदारीलाई प्रभावहीन बनाएको टिप्पणी गरेका छन् । युद्ध चर्किएसँगै इरान र खाडी क्षेत्रमा सर्वसाधारणको त्रास बढेको छ । इरानको दक्षिणपूर्वी क्षेत्रका स्थानीय बासिन्दाले निरन्तर विस्फोटका कारण बालबालिका रातभर सुत्न नसक्ने अवस्था रहेको बताएका छन् । कुवेतमा बसोबास गर्ने एक सुडानी नागरिकले पनि प्रत्येक बिहान अवस्था थप बिग्रिने हो कि भन्ने चिन्तासहित उठ्नुपर्ने स्थिति आएको प्रतिक्रिया दिएका छन् ।
यसैबिच, ओमानको तटनजिक एक नर्वेजियन तेल ट्याङ्करमा विस्फोट भएको सङ्कट प्रतिक्रिया कम्पनी एमटीआई नेटवर्कले जनाएको छ । कुवेतले आफ्नो एउटा नौसैनिक जहाजमा ड्रोन आक्रमण हुँदा चालक दलका चार सदस्य घाइते भएको जानकारी दिएको छ । राष्ट्रपति ट्रम्पले हर्मुज हुँदै आवतजावत गर्ने जहाजमाथि २० प्रतिशत कर लगाउने पूर्व योजना स्थगित गरी त्यसको सट्टा खाडी मुलुकहरूसँग व्यापार सम्झौता गर्ने नीति अघि बढाइएको बताएका छन् ।
इरानी सरकारी प्रवक्ताका अनुसार गत सातादेखिका अमेरिकी आक्रमणमा कम्तीमा ३० जनाको मृत्यु भएको छ । यसैबीच, अमेरिकी सेनाले इरानी नेतृत्वलाई थप आक्रमण भए इजरायलबाट पनि कडा सैन्य प्रतिक्रिया हुन सक्ने चेतावनी दिएको छ । रासस

# युद्धविरामबीच गाजामा इजरायली आक्रमण जारी

**डेर अल–बालाह (गाजा पट्टी) ।**
इजरायल र हमासबीच भएको युद्धविराम लागू भएको करिब एक महिना बितिसक्दा पनि गाजामा इजरायली हवाई तथा स्थलगत आक्रमण रोकिएको छैन । पछिल्लो दुई दिनमा भएका आक्रमणमा प्रहरी अधिकारीसहित कम्तीमा एक दर्जन जनाको मृत्यु भएको स्थानीय स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । अल अक्सा अस्पतालका अनुसार बुधबार मध्य गाजामा एकै परिवारका तीन जनाको हवाई आक्रमणमा मृत्यु भएको छ ।
त्यसअघि मंगलबार उत्तरी गाजाको घना बस्ती रहेको जबलिया शरणार्थी शिविरस्थित प्रहरी चौकीमा भएको इजरायली आक्रमणमा छ जना प्रहरी अधिकारी र एक महिलासहित धेरैको ज्यान गएको अस्पताल स्रोतले जनाएको छ । दक्षिणी सहर खान युनुसको टेन्ट शिविरमा भएको अर्को बम विस्फोटमा एक जनाको मृत्यु भएको नासेर अस्पतालले जनाएको छ । यस्तै, रफाहबाहिरको मुवासी क्षेत्रमा इजरायली सैनिकको गोली लागेर एक बालकको मृत्यु भएको अस्पताल अधिकारीहरूले बताएका छन् ।
इजरायली सेनाले मध्य र दक्षिणी गाजामा भएका पछिल्ला आक्रमणबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन । जबलियाको घटनाबारे भने सेनाले मारिएका प्रहरीमध्ये चार जना हमासका लडाकू रहेको दाबी गरेको छ । तर उनीहरू सैन्य गतिविधिमा संलग्न रहेको कुनै प्रमाण सार्वजनिक गरेको छैन । हमासद्वारा सञ्चालित गृह मन्त्रालयका अनुसार मारिनेमध्ये कर्नेल मोहम्मद मारवान सलेम जबलिया प्रहरी चौकीका प्रमुख तथा वरिष्ठ प्रहरी कमान्डर थिए ।
हमासले गाजामा नागरिक प्रहरी र सुरक्षा निकाय सञ्चालन गर्दै आएको छ भने युद्ध अवधिभर इजरायलले सहायता सामग्रीको सुरक्षा गर्ने प्रहरीसहित स्थानीय सुरक्षाकर्मीलाई पटक–पटक निशाना बनाएको छ ।
इजरायली सेनाले सैन्य प्रयोजनका लागि प्रयोग भएका वा सशस्त्र गतिविधिमा संलग्न व्यक्तिहरू रहेको प्रहरी चौकीलाई वैध सैन्य लक्ष्य मान्ने नीति दोहोर्याएको छ । तर जबलियास्थित प्रहरी चौकीमा त्यस्तो गतिविधि भएको प्रमाण उसले सार्वजनिक गरेको छैन । हमासले भने उक्त प्रहरी बलले केवल कानून–व्यवस्था कायम गर्ने जिम्मेवारी निर्वाह गरिरहेको जनाएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले पनि गाजामा प्रहरीमाथि भइरहेका इजरायली आक्रमणप्रति चिन्ता व्यक्त गरेको छ । कार्यालयका अनुसार सन् २०२६ मा मात्रै प्रहरी कर्मचारीमाथि कम्तीमा एक दर्जन आक्रमण भएका छन् ।
ती आक्रमणमा ट्राफिक व्यवस्थापन र बजार क्षेत्रमा गस्ती गरिरहेका सुरक्षाकर्मीसमेत परेका छन् । प्रहरी र सशस्त्र समूहका सदस्यबीच इजरायली सेनाले पर्याप्त भिन्नता नगरेको देखिएको भन्दै कार्यालयले यसअघि नै चिन्ता व्यक्त गरेको थियो ।
इजरायलको इन्स्टिच्युट फर नेसनल सेक्युरिटी स्टडिजका अनुसन्धानकर्ता ओफेर गुटेरम्यानले हमासको केही प्रहरी संरचना र सैन्य संयन्त्र एकअर्कासँग जोडिएको इजरायलको बुझाइ रहेको बताए । उनका अनुसार केही सुरक्षा संरचना हतियार भण्डारण, रसद र सैन्य सञ्चालनमा समेत प्रयोग भएको इजरायलको दाबी छ । गत अक्टोबरमा भएको युद्धविरामले दुई वर्षदेखि जारी युद्ध रोक्ने प्रयास गरे पनि छिटपुट हिंसा जारी छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्धविराम लागू भएयता मात्रै कम्तीमा एक हजार १२३ जनाको मृत्यु भइसकेको छ । मन्त्रालयले अधिकांश मृतक महिला र बालबालिका रहेको जनाएको छ ।
इजरायलले युद्धविरामपछि पनि हमासका लडाकूबाट आफ्ना सैनिकमाथि आक्रमण भइरहेकाले त्यसको जवाफस्वरूप कारबाही जारी राखिएको जनाएको छ । युद्धविरामपछि हालसम्म पाँच इजरायली सैनिक मारिएका छन् । सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको आक्रमणमा दक्षिणी इजरायलमा करिब एक हजार २०० जनाको मृत्यु हुनुका साथै २५१ जनालाई बन्धक बनाएपछि युद्ध सुरु भएको थियो ।
त्यसयता गाजामा इजरायली सैन्य कारबाहीमा युद्धविरामपछिका मृतकसमेत गरी ७३ हजार २६४ भन्दा बढी प्यालेस्टिनीको ज्यान गएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । रासस

# सर्लाहीमा ६० प्रतिशत धान रोपाइँ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
पर्याप्त वर्षा नहुनु, सिँचाइ समस्या र रासायनिक मलको अभावका कारण सर्लाहीमा यस वर्ष धान रोपाइँ सुस्त बनेको छ । असार महिना सकिँदासम्म जिल्लाको करिब ६० प्रतिशत क्षेत्रफलमा मात्रै धान रोपाइँ सम्पन्न भएको छ।

कृषि ज्ञान केन्द्र सर्लाहीका अनुसार जिल्लामा कुल ४२ हजार ६९५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेकामा हालसम्म २५ हजार ६१९ हेक्टरमा मात्र रोपाइँ भएको छ। गत वर्ष यही अवधिसम्म ७० देखि ७५ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको थियो।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेव कुशवाहाले सुरुवाती चरणमा पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भएको बताए । पछिल्ला दिनमा वर्षा भएपछि किसानहरू खेतमा सक्रिय भएको उनले जानकारी दिए । उनका अनुसार सिँचाइ सुविधा भएका अधिकांश क्षेत्रमा रोपाइँ सकिएको छ भने बागमती सिँचाइ आयोजनाबाट समयमा पानी नछोडिँदा पनि रोपाइँ ढिलो भएको हो।

ज्ञान केन्द्रका अनुसार लालबन्दी, ईश्वरपुर, चन्द्रनगर, हरिपुर, हरिपुर्वा, पर्सा, ब्रह्मपुरी, मलंगवा र कविलासी नगरपालिका तथा गाउँपालिकामा धान खेती बढी हुने गरेको छ । जिल्लाको दक्षिणी भेगमा भने उखु खेतीको बाहुल्यता छ।

पानीको अभावका कारण कतिपय किसानले धानको ब्याड तयार हुँदाहुँदै पनि रोपाइँ गर्न सकेका थिएनन्। पछिल्ला दिनमा वर्षा भएपछि खेतमा चहलपहल बढेको छ र किसान रोपाइँ सक्ने चटारोमा छन्।

किसानहरूले मलखाद, सिँचाइ र मौसमको अनिश्चितताले खेती प्रभावित भएको बताएका छन्। कविलासी नगरपालिका–६ जमुनियाँका किसान रामदरेश रायले नियमित वर्षा नहुँदा रोपाइँ ढिलो भएको र मलखादको चरम अभावले समस्या थपिएको बताए।

पर्सा गाउँपालिका–१ शीतलपुरका किसान मनोज यादवले धानको ब्याड तयार भइसके पनि मल नपाउँदा उत्पादन घट्ने चिन्ता बढेको बताए।

पर्याप्त मल उपलब्ध नभएपछि केही किसान सीमावर्ती क्षेत्रबाट भित्रिने गुणस्तर नखुलेका मलखाद महँगो मूल्यमा किन्न बाध्य भएका छन्। किसानका अनुसार यस्ता मलखादको एक बोराको मूल्य ३ हजार २०० रुपैयाँसम्म तिर्नुपरेको छ।

# अनुदान रोकिएपछि उखु किसान आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रशासनिक ढिलासुस्तीका कारण सरकारी उखु अनुदान गुम्ने अवस्था सिर्जना भएको भन्दै रौतहटका उखु किसान आन्दोलनमा उत्रिएका छन्। करिब ७ करोड रुपैयाँ बराबरको अनुदान भुक्तानी अनिश्चित बनेपछि किसानहरूले गौर–चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत गरुडा नगरपालिका–स्थित झाँझ पुलमा करिब चार घण्टा चक्काजाम गरेका हुन्।

उखु उत्पादक किसान संघ रौतहटको नेतृत्वमा बुधबार साँझ भएको प्रदर्शनका क्रममा किसानहरूले टायर बालेर सडक अवरुद्ध गरेका थिए । सडक अवरुद्ध हुँदा गौर–चन्द्रनिगाहपुर सडकखण्डमा केही घण्टासम्म सवारी आवागमन पूर्ण रूपमा प्रभावित भएको थियो।

सरकारले उखु किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान उपलब्ध गराउने व्यवस्था गरे पनि अनुदान भुक्तानीका लागि आवश्यक सिफारिस असार मसान्तभित्र सम्बन्धित मन्त्रालयमा नपुग्दा रौतहटका किसान अनुदानबाट वञ्चित हुने जोखिममा परेका छन्।

उखु उत्पादक किसान संघ रौतहटका अध्यक्ष अशोककुमार यादवका अनुसार जिल्लाका चार हजार ७० किसानले पाउनुपर्ने करिब ७ करोड रुपैयाँ बराबरको अनुदान अझै रोकिएको छ। अन्य जिल्लाका किसानले अनुदान प्राप्त गरिसके पनि रौतहटमा जिल्ला प्रशासन कार्यालयबाट समयमै सिफारिस नहुँदा किसान समस्यामा परेको उनले बताए।

किसानहरूले सहायक प्रमुख जिल्ला अधिकारी तथा उखु किसान अनुदान सहजीकरण समितिका संयोजक जितेन्द्र यादवको लापरबाहीका कारण सिफारिस प्रक्रिया रोकिएको आरोप लगाएका छन् । प्रशासनको कमजोरीका कारण आफूहरू राज्यबाट पाउनुपर्ने सुविधा गुम्ने अवस्थामा पुगेको भन्दै उनीहरूले तत्काल समस्या समाधान गर्न माग गरेका छन्।

यता, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सहजीकरण समितिबाट समयमै सिफारिस प्रक्रिया पूरा हुन नसक्दा समस्या उत्पन्न भएको स्वीकार गरेका छन्। मन्त्रालयसँग समन्वय भइरहेको र किसानले पाउनुपर्ने अनुदान सुनिश्चित गर्न आवश्यक प्रक्रिया अघि बढाइएको उनले बताए।

प्रमुख जिल्ला अधिकारी भुसालले बिहीबारभित्र अनुदानसम्बन्धी प्रक्रिया टुंग्याउने प्रतिबद्धता जनाएपछि बुधबार राति करिब १० बजे किसानहरूले सडक अवरोध हटाएका थिए।

# सर्वोच्चको आदेशपछि पूर्वसांसद महतो थुनामुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्वोच्च अदालतको आदेशपछि नेकपा एमालेका पूर्वसांसद लक्ष्मी महतो कोइरी कारागारबाट रिहा भएका छन्।

बन्दी प्रत्यक्षीकरण रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय श्रीकान्त पौडेल र कुमार रेग्मीको संयुक्त इजलासले कोइरीलाई थुनामुक्त गर्न आदेश दिएको हो। थमनविक हत्या प्रकरणमा उच्च अदालत जनकपुरले कोइरीलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो । फैसला सुनाइएको भोलिपल्ट उनलाई पक्राउ गरी जलेश्वर कारागार पठाइएको थियो।

सर्वोच्च अदालतले १९ असारमा जारी गरिएको कैदी पुर्जी कानुनसम्मत नरहेको निष्कर्ष निकाल्दै त्यसका आधारमा गरिएको थुना कानुनी रूपमा टिक्न नसक्ने ठहर गरेको छ।

सोही आधारमा अदालतले कोइरीलाई तत्काल कारागारबाट रिहा गर्न आदेश दिएको हो।

# पुराना सबै स्मार्ट लाइसेन्स छपाइ सम्पन्न, नयाँ २४ घण्टाभित्रै

**काठमाडौँ।**
लामो समयदेखि छपाइ हुन बाँकी रहेका सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) को छपाइ कार्य सम्पन्न भएको छ । साथै अब नयाँ सवारी चालक अनुमतिपत्रका लागि यातायात व्यवस्था विभागबाट विवरण प्राप्त भएको २४ घण्टाभित्रै छपाइ गरी विभागलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको सूचना तथा सञ्चार मन्त्रालयले जनाएको छ।

मन्त्रालयले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार मन्त्रालय, सुरक्षण मुद्रण केन्द्र र पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागबीच भएका दुई चरणका सम्झौताअनुसार विभागबाट प्राप्त विवरणका आधारमा कुल २७ लाख स्मार्ट लाइसेन्स छाप्ने कार्य सम्पन्न गरिएको हो । मन्त्रालयले यससँगै विगतदेखि रहँदै आएको लाइसेन्स छपाइको 'ब्याकलग' पूर्ण रूपमा अन्त्य भएको जनाएको छ।

पहिलो चरणमा २०८२ कात्तिक १२ गते भएको सम्झौताअनुसार निर्धारित समयभित्र १२ लाख स्मार्ट लाइसेन्स छापिएको थियो। त्यसपछि बाँकी रहेका आवेदन व्यवस्थापन गर्न २०८३ वैशाख ४ गते दोस्रो चरणको सम्झौता गरी थप १५ लाख अनुमतिपत्र छाप्ने कार्य सुरु गरिएको थियो। दोस्रो चरणको काम पनि २०८३ असार ३२ गते सम्पन्न भएसँगै कुल २७ लाख स्मार्ट लाइसेन्सको छपाइ सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

हाल सुरक्षण मुद्रण केन्द्रले ट्रायल परीक्षा उत्तीर्ण गरी राजस्व बुझाएका तथा अनुमतिपत्र नवीकरण गरेका सेवाग्राहीको यातायात व्यवस्था विभागबाट दैनिक प्राप्त हुने करिब तीन हजारदेखि पाँच हजार विवरणका आधारमा २४ घण्टाभित्रै स्मार्ट लाइसेन्स छापेर विभागलाई हस्तान्तरण गर्दै आएको पनि मन्त्रालयले जनाएको छ। यस व्यवस्थाबाट नयाँ लाइसेन्स वितरण प्रक्रिया थप छिटो र व्यवस्थित भएको छ।

मन्त्रालयका अनुसार सुरक्षण मुद्रण केन्द्रमार्फत अब सातै प्रदेश सरकार तथा सम्बन्धित यातायात मन्त्रालयसँग समन्वय गरी सवारी चालक अनुमतिपत्र छपाइसम्बन्धी सम्झौता गर्ने तयारी भइरहेको छ। सुरक्षण मुद्रण केन्द्रका अनुसार सवारी चालक अनुमतिपत्रसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र, अन्तःशुल्क स्टिकर, हुलाक टिकट तथा जग्गाधनी प्रमाणपत्रलगायत अन्य सुरक्षण मुद्रण सामग्री पनि स्वदेशमै उत्पादन गर्ने तयारी भइरहेको छ।

यस्ता सुरक्षण मुद्रण सामग्री स्वदेशमै उत्पादन हुन थालेपछि विदेशिने करोडौँ रुपैयाँ बचत हुनुका साथै स्वदेशभित्रै पुँजी परिचालन, रोजगारी सिर्जना र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुग्नेछ।

# बजेट र आर्थिक विधेयक प्रदेश प्रमुखद्वारा प्रमाणीकरण



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश प्रमुख डा. सुरेन्द्रप्र लाभ कर्णले मधेश प्रदेश सभाबाट पारित भएका आर्थिक वर्ष २०८३/८४ सँग सम्बन्धित दुई महत्वपूर्ण विधेयक प्रमाणीकरण गरेका छन्।

प्रदेश प्रमुखको कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिअनुसार नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम आर्थिक वर्ष २०८३/८४ को सेवा तथा कार्य सञ्चालनका लागि मधेश प्रदेश सञ्चित कोषबाट रकम विनियोजन तथा खर्च गर्ने सम्बन्धी विनियोजन विधेयक, २०८३ र मधेश प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३ प्रमाणीकरण गरिएको हो।

दुवै विधेयक असार ३२ गते प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका हुन्। प्रदेश सभाले पारित गरी प्रमाणीकरणका लागि पठाएका यी विधेयक प्रमाणीकरण भएसँगै आगामी आर्थिक वर्षका लागि बजेट कार्यान्वयन र राजस्व तथा आर्थिक व्यवस्थासम्बन्धी कानुनी प्रक्रिया औपचारिक रूपमा अघि बढ्ने भएको छ।

# नक्कली 'मार्बल' पाइप उत्पादन आरोपमा सञ्चालक पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मार्वल कम्पनीको ट्रेडमार्क दुरुपयोग गरी नक्कली पाइप उत्पादन तथा बिक्री–वितरण गरेको आरोपमा जनकपुरधामस्थित जानकी प्लास्टिक उद्योगका सञ्चालक नवकृष्ण मुरारका (नवल मुरारका) पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मुरारकालाई बिहीबार जनकपुरधामस्थित निवासबाट पक्राउ गरिएको हो । प्रहरीका अनुसार उनले मार्वल कम्पनीको आधिकारिक ट्रेडमार्क अनधिकृत रूपमा प्रयोग गरी नक्कली पाइप उत्पादन तथा बजारमा बिक्री–वितरण गरेको आरोप लागेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा उत्पादन प्रक्रिया, वितरण सञ्जाल तथा यसमा संलग्न अन्य व्यक्तिको भूमिकाबारे पनि छानबिन अघि बढाइएको छ।

प्रहरीले दोष पुष्टि भए प्रचलित कानुनबमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाइने जनाएको छ।

# शिक्षकलाई संसदीय अभ्यासबारे जानकारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सभाको समन्वयमा जनकपुरधाममा संसदीय प्रक्रिया तथा अभ्यास सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

'संसदीय पहुँच प्रवद्र्धन तथा सार्वजनिक सुनुवाइ परियोजना' अन्तर्गत आयोजित कार्यक्रममा धनुषा, महोत्तरी र सर्लाहीका सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरूको सहभागिता रहेको थियो।

पिपल प्रोमोट सेन्टरको आयोजना तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को संसद सहयोग परियोजनाको सहयोगमा आयोजित कार्यक्रममा सहभागी शिक्षकलाई संसदीय व्यवस्था, विधि निर्माण प्रक्रिया, प्रदेश सभाको भूमिका, सार्वजनिक सुनुवाइ र नागरिक सहभागिताका विषयमा जानकारी गराइएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सभा सभामुख रामआशिष यादवले लोकतान्त्रिक शासन व्यवस्थामा संसदको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए। उनले विद्यार्थीलाई संसदीय अभ्यासबारे सही जानकारी दिन शिक्षकको भूमिका प्रभावकारी हुने उल्लेख गर्दै संसद सञ्चालन प्रक्रिया, कानुन निर्माण, संसदीय समितिको कार्य, जनप्रतिनिधिको जिम्मेवारी तथा नागरिक सहभागिताका विषयमा जानकारी गराए।

पिपल प्रोमोट सेन्टरका अध्यक्ष कमलेशकुमार मण्डलले संसदीय अभ्यास र लोकतन्त्रबारे शिक्षक तथा विद्यार्थीलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए। उनका अनुसार पहिलो चरणमा तीन जिल्लाका सार्वजनिक विद्यालयका ३० जना शिक्षक सहभागी भएका छन् । आगामी चरणमा विद्यालयस्तरमै शिक्षक र विद्यार्थीलाई समेत समेटेर यस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

कार्यक्रममा सहभागी शिक्षकहरूले संसदीय प्रणालीलाई व्यवहारिक रूपमा बुझ्ने अवसर प्राप्त भएको प्रतिक्रिया दिएका थिए।

# मेयरले दमकल दुरुपयोग गरेको आरोप

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलममाथि महानगरपालिकाको दमकल निजी प्रयोजनका लागि प्रयोग गरेको आरोप लागेको छ । स्थानीयवासीका अनुसार बुधबार मध्यराति करिब १२ बजे महानगरपालिकाको दमकल प्रयोग गरी कार्यवाहक प्रमुख आलमको निवासमा पानी पु¥याइएको थियो।

घटनास्थलमा स्थानीयले दमकलबाट पानी भरिरहेको देखेपछि विरोध जनाएका छन्।

स्थानीयले सार्वजनिक सेवा तथा विपद् व्यवस्थापनका लागि राखिएको दमकललाई व्यक्तिगत प्रयोजनमा प्रयोग गरिएको भन्दै आपत्ति जनाएका छन्। एकातिर सर्वसाधारण नागरिक पानीको अभाव झेलिरहेका बेला सार्वजनिक स्रोत र साधनको निजी प्रयोग भएको आरोपले जनस्तरमा असन्तुष्टि बढेको उनीहरूको भनाइ छ।

घटनाको सत्यतथ्य सार्वजनिक गर्न, महानगरपालिकाले आधिकारिक धारणा सार्वजनिक गर्न तथा निष्पक्ष छानबिन गरी तथ्यका आधारमा आवश्यक कारबाही गर्न स्थानीयवासीले माग गरेका छन्।

# मिटरब्याजीको समस्या समाधान गर्न वार्ताटोली गठन

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारसँग जारी संवादलाई व्यवस्थित र प्रभावकारी बनाउन मिटरब्याजविरुद्ध किसान–मजदुर आन्दोलनले औपचारिक वार्ता टोली गठन गरेको छ । आन्दोलनका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाको संयोजकत्वमा गठन गरिएको वार्ता टोलीमा केन्द्रीय महासचिव मनोजकुमार पासमान, केन्द्रीय प्रवक्ता रिजन राना मगर, केन्द्रीय हेडक्वार्टर सदस्य लक्ष्मी घिमिरे, केन्द्रीय हेडक्वार्टर सदस्य किरण परियार तथा संयुक्त जनअधिकार मोर्चाका केन्द्रीय अध्यक्ष निर्ग नवीन सदस्य रहेका छन् । मिटरब्याज पीडितहरू असार २५ देखि जनकपुरधामबाट काठमाडौँ केन्द्रित पैदल न्याय मार्चमा रहेका बेला सरकारसँग निरन्तर वार्ता भइरहेको छ। बाराको निजगढमा हालसम्म गृहमन्त्री सुधन गुरुङको नेतृत्वमा सरकार र आन्दोलनरत पक्षबीच चार चरणको वार्ता सम्पन्न भइसकेको छ । यद्यपि आन्दोलनले अघि सारेका ६ बुँदे मागलाई लिखित रूपमा वैधानिकता दिने विषयमा सहमति हुन नसक्दा वार्ता निष्कर्षमा पुग्न सकेको छैन। आन्दोलनरत पक्षले गृहमन्त्रीले स्वीकार गरिसकेको ६ बुँदे सहमति–पत्रको मस्यौदालाई हुबहु लिखित रूपमा हस्ताक्षर गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने अडान दोहो¥याएको छ। लिखित सहमति नभएसम्म पैदल न्याय मार्च नरोकिने र आवश्यक परे काठमाडौंतर्फको यात्रा पुनः अघि बढाइने आन्दोलनको चेतावनी छ। सरकारसँगको आगामी चरणको वार्तामा यही औपचारिक टोलीले आन्दोलनरत मिटरब्याज पीडितहरूको प्रतिनिधित्व गर्ने जनाएको छ।

यसैबीच सरकारले पनि मिटरब्याज पीडितसँग वार्ता अघि बढाउन वार्ता टोली बनाएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव पुष्कर सापकोटाको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको हो । सञ्चारमन्त्री विक्रम तिमिल्सिनाका अनुसार, वार्ता टोलीमा अर्थ, गृह, भूमि व्यवस्था, र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह–सचिवहरू सदस्य रहनेछन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन